मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ११३ ★ ने. सं. ११४६ बछला गा, औँसी ★ शनिबार ★ २ जेठ, २०८३ ★ May 16, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## मध्यपूर्व द्वन्द्व समाधानका लागि चीनको सहयोग स्वागत गरिने : इरानी विदेशमन्त्री

नयाँदिल्ली, १ जेठ (एएफपी) । इरानका विदेशमन्त्री अब्बास अराघचीले शुक्रबार मध्यपूर्वमा द्वन्द्व समाधान गर्न चीनलगायत कुनै पनि सहयोगका लागि आफू तयार रहेको बताउनुभएको छ ।

“हामी सहयोग गर्ने हैसियत भएका कुनै पनि देशको सहयोगलाई स्वागत गर्छौँ,” विशेष गरी चीनले मध्यपूर्व युद्धमा मध्यस्थता गर्न चाहेमा के यो इरानका लागि स्वीकार्य छ भनी सोधिएको प्रश्नमा ब्रिक्स समूहका राष्ट्रहरूको बैठकका अवसरमा नयाँदिल्लीमा पत्रकारहरूसँगको संवादमा उहाँले भन्नुभयो ।



वार्ता जारी राख्न अमेरिका इच्छुक रहेको सन्देश वासिङ्टनबाट प्राप्त भएको पनि विदेशमन्त्री अराघचीले बताउनुभएको छ ।

उहाँले भन्नुभयो, “हामीले उनीहरू वार्तालाई निरन्तरता दिन इच्छुक छन् भन्ने सन्देश अमेरिकी अधिकारीहरूबाट फेरि प्राप्त गरेका छौँ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सी चिनफिङले ‘स्ट्रेट अफ हर्मुज’ पुनः खोल्न चीनले सहयोग गर्ने प्रस्ताव गरेको र चिनियाँ नेताले अमेरिका र इजरायलविरुद्धको युद्धमा इरानलाई सहयोग गर्न सैन्य उपकरण नपठाउने प्रतिबद्धता व्यक्त गरेको बताएको एक दिनपछि अराघचीले उक्त कुरा बताउनुभएको हो ।

उहाँले अगाडि भन्नुभयो, “चीनसँग हाम्रो धेरै राम्रो सम्बन्ध छ, हामी एक अर्काका रणनीतिक साझेदार हौँ र हामीलाई थाहा छ कि चिनियाँहरूको मनसाय राम्रो छ, त्यसैले उनीहरूले कूटनीतिमा सहयोग पुर्‍याउन सक्ने कुनै पनि कुरालाई इस्लामिक गणतन्त्रले स्वागत गर्नेछ ।

इरान र अमेरिकाबिचको तनाव कम गर्न अहिलेसम्म पाकिस्तान मध्यस्थकर्ता रहँदै आएको छ ।

उहाँले भन्नुभयो, “पाकिस्तानको मध्यस्थता प्रक्रिया अझै असफल भएको छैन, तर मुख्यतः अमेरिकीहरूको व्यवहार र हामीबिच रहेको अविश्वासको कारण यो धेरै कठिन मार्गमा छ ।”

## उद्देश्य प्राप्तिको लागि निरन्तर विद्यार्थीहरूले मेहनत जरुरी

भक्तपुर, १ जेठ । सरस्वती विद्यागृह मा.वि.ले एसईई उत्तीर्ण सफल विद्यार्थीहरूको लागि बधाई, नवआगन्तुक विद्यार्थीलाई स्वागत तथा मार्गनिर्देशन कार्यक्रम शुक्रबार गरेको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एसईईपछि अध्ययन गर्ने विषय सबै भक्तपुर नगरमा रहेको स्पष्ट पार्दै उत्तीर्ण विद्यार्थीलाई भक्तपुरमै पढ्न सुझाव दिनुभयो ।

आफू के बन्न लक्ष्य लिएको हो सोहीअनुसारको विषय चयन गर्नुपर्ने र उद्देश्य प्राप्तिको लागि निरन्तर मेहनत गर्नु जरुरी रहेको उहाँले बताउनुभयो ।

विषय चयन गर्दा आफ्नो रूचि, क्षमता र आर्थिक अवस्था हेरेर गर्न सकेपछि पछुटाउन नपर्ने र रहरले मात्र अध्ययन गर्न नहुने स्पष्ट पार्दै प्रमुख प्रजापतिले भन्नुभयो, “भक्तपुर नगरपालिकाले उच्च शिक्षाको लागि विभिन्न कलेज सञ्चालन गरेको छ । शिक्षाको गुणस्तर वृद्धि गर्न नगरपालिकाले आर्थिक तथा भौतिक सहयोग गरिरहेको छ ।”

वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्यले सार्वजनिक विद्यालयको गुणस्तर कायम गर्ने उद्देश्यसहित दत्तात्रय आधारभूत विद्यालय, सरस्वती विद्यागृह मावि र वागीश्वरी माविले सहकार्य गर्दै आएको बताउनुभयो ।



विद्यालय सञ्चालक समितिका अध्यक्ष रवीन्द्र ज्याख्वको सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यालयका प्रअ गनुराज राईले स्वागत गर्दै विद्यार्थी र शिक्षकहरूको मेहनतकै कारण विद्यालयको एसईईको नतिजा राम्रो हुँदै आएको र आगामी वर्षमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा विद्यार्थी सबिता श्रेष्ठले विद्यालयमा अध्ययन गर्दाको अनुभव राख्नुभएको थियो ।

कार्यक्रममा अतिथिहरूले एसईई उत्तीर्ण विद्यार्थीलाई खादा, मायाको चिनोसहित सम्मान गरेका थिए ।

## ‘सम्पादकीय’ र ‘एकक्षण’ पुस्तकबारे अध्ययन गोष्ठी

भक्तपुर, १ जेठ । देश र जनतामा समर्पित ‘श्रमिक’ साप्ताहिकमा प्रकाशित सम्पादकीय सङ्कलन (तेस्रो खण्ड) र ‘एकक्षण’ समसामयिक टिप्पणी सङ्कलन पुस्तक अध्ययन गोष्ठी कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुर नगर समितिको आयोजनामा भएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले ‘श्रमिक’ साप्ताहिकले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा जनपक्षीय लेख-रचनाहरू प्रकाशित गर्दै जनतालाई सचेत गर्दै आइरहेको चर्चा गर्नुभयो ।

“देशमा विद्यमान भ्रष्टाचार, बेथिति, विसङ्गति, अराजनीतिक गतिविधि र राष्ट्रघाटबारे निरन्तर विरोध गर्नु आवश्यक छ । समाज अल्गोररिदमतिर अघि बढिरहेको र यो समाजको लागि हानिकारक छ । आँखामा पट्टि बाँधेर देश चलाउन सकिँदैन, नीति तथा कार्यक्रमको मातहतअन्तर्गत देशमा बजेट ल्याइने भएकोले नैतिक जिम्मेवारी नलिई संसदीय मर्यादालाई उल्लङ्घन गर्नु गलत हो, सरकार राज्यप्रति जवाफदेही हुनैपर्छ”, उहाँले भन्नुभयो ।

केन्द्रीय सदस्य सैंजूले भन्नुभयो, “हामी कम्युनिस्ट होइनौँ भन्नुको अर्थ गरिब, मजदुर र श्रमिकको सरकार होइन भन्ने हो । पुँजीपति सरकारले व्यक्तिगत स्वार्थ र निजी क्षेत्रलाई पोस्ने काम गर्छ, नेपालको कलकारखाना बन्द गरेर, युवा विदेश पलायन गरेर देश

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्र कुनो




## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – १५

**प्रहरी वृत्त कालीमाटीका प्रहरी वरिष्ठ नायव निरीक्षक वीरेन्द्रकुमार चौधरी**

२०८२ भदौ २३ गते सामान्य अवस्थामा ड्युटी सम्पन्न गरेको थिएँ । २०८२ भदौ २४ गते बिहान ८:०० बजे कामनपा वडा नं १४ कलङ्की चोकमा केही आन्दोलनकारीहरूले टायर बाली प्रदर्शन गर्न लागेको भनी प्रहरी कन्ट्रोल रुमबाट सञ्चार सेटमा जानकारी प्राप्त हुन आएकोले सो स्थानमा खटिगएका हौँ । उक्त स्थानमा पुग्दा सुरुमा ५००/६०० जना प्रदर्शनकारीले कलङ्की चोकमा बाटो अवरोध गरी टायर बालेर प्रदर्शन गरिरहेका थिए । पछि प्रदर्शनकारीहरू उग्र बन्दै तोडफोडमा लागेका थिए ।

२४ गते बिहान ९:०० बजेपछि प्रदर्शनकारीहरू बढ्दै गई ५/६ हजारको सङ्ख्यामा पुगेको थियो । पछि भिड उग्र बन्दै प्रहरीलाई कुटपिट गरी घाइते बनाइएको हो । प्रदर्शनकारीहरू “प्रहरीले २३ गते बानेश्वरमा गोली हानी मारेको हो, यिनीहरूलाई पनि मार्नुपर्छ, जिउँदै आगो लगाउनुपर्छ” भन्दै घरेलु हातहतियारसमेत बोकी आएका थिए । अराजक भिडले प्रहरी प्रभाग कलङ्कीको भवनमा प्रहरी कर्मचारीहरूलाई भित्रै थुनी बाहिरबाट आगजनी गरेका हुन् । प्रहरी कर्मचारीहरू जिउँदै जल्ने अवस्था आएपश्चात् प्रहरीले अश्रुग्यास तथा लाठीचार्ज गरेको हो ।

उक्त समय कलङ्कीमा १० हजार बढीको सङ्ख्यामा प्रदर्शनकारीहरू आएका थिए । उनीहरूले घरेलु हातहतियार, पेट्रोल बम बोकेका थिए । प्रहरी सञ्चार सेटमा प्रहरीका अन्य प्रहरी युनिट, प्रहरीको गाडी, नेता तथा व्यक्तिगत घर, व्यावसायिक भवनहरू, राष्ट्रपति निवास, संसद् भवन र सिंहदरबारसमेतमा आगजनी गरेको र संयमित भई आफ्नो र आफ्नो कार्यालय, हातहतियारको सुरक्षा गर्नु, बल प्रयोग नगर्नु भन्ने आदेश भएकोले म समेतको प्रहरी टोली प्रहरी वृत्त कालीमाटीतर्फ फिर्ता हुन लागेका थियौँ । कालीमाटी प्रहरी वृत्त अगाडि पुग्दा कार्यालय गेटअगाडि ४/५ हजारको सङ्ख्यामा प्रदर्शनकारीहरूले प्रहरी वृत्तको चारैतर्फबाट घेरा हाली ढुङ्गामुढा, इँटा, पेट्रोल बम हानिरहेका थिए । हामीहरूले थप प्रहरी टोली माग गरे तापनि कतैबाट मद्दत आउन सकेको थिएन ।

बल्खुतर्फबाट आएका प्रदर्शनकारीहरू सर्टगन, थ्रीनटथ्री र एसएलआर हतियारसमेत बोकी मोटरसाइकलमा आएका थिए । केही प्रदर्शनकारीले प्रहरीको चुस्ता लगाइआएका थिए । बालाजु र स्वयम्भूतर्फबाट मोटरसाइकल तथा मिनी भ्यानहरूमा हातहतियारसहित प्रदर्शनकारीहरू सबै प्रहरीलाई मार्नुपर्छ भनी नाराबाजी गरी वृत्तमा प्रवेश गर्न थालेका थिए ।

हामीहरूले पटक-पटक थप मद्दत माग्दासमेत आफू सुरक्षित रहनु अन्य सुरक्षा निकायहरूबाट थप मद्दत आउन सक्दैन भनी जानकारी पाएका थियौँ । प्रदर्शनकारीहरू हातहतियार लिई आक्रमण गर्न लागेकोले डमी राउन्ड गोलीबाट हवाई फायरसमेत गरिएको हो । राति ७:३० बजेको समयमा १०० भन्दा बढी मोटरसाइकल र सशस्त्र प्रहरीको ट्रकमा चढिआएका प्रदर्शनकारीहरूले गेटमा सो ट्रक ठोकाई गेट भत्काउने प्रयास गर्दा रोकेका हौँ । प्रायः लागूऔषध सेवनकर्ता, कलङ्की, बल्खु क्षेत्रमा यातायात काउन्टरमा काम गर्ने, भरियाको रूपमा काम गर्ने व्यक्तिहरू, सुकुमवासी बस्तीका व्यक्तिहरू, कवाडीमा काम गर्ने भारतीय मूलका व्यक्तिहरू र प्रहरी हिरासतबाट भागेका थुनुवाहरू हुन सक्ने अनुमान गरिएको छ । कालीमाटी वृत्तबाट सर्टगन र गोलीहरू लुटिएको थियो । सर्टगन पछि फेला पारिसकिएको छ भने गोली हालसम्म फेला परेको छैन । हामीले तालुक कार्यालयबाट आदेश भएबमोजिम कमभन्दा कम बल प्रयोग गरी आफ्नो ज्यान दाउमा राखी हातहतियार, सञ्चार सेट र प्रहरी भ्यानहरू जोगाएका हौँ ।

**प्रहरी वृत्त बौद्धमा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षक शरदप्रसाद पाण्डे**

२०८२ भदौ २३ गते कमान्डरले सबै टोलीलाई सामेल गरी डिउटीको सम्बन्धमा सम्झाई बुझाई “आदेशबिना कोही कसैले केही नगर्ने र कसैसँग विवादसमेत नगर्ने” भनी ब्रिफिङपश्चात् जिम्मेवारी बाँडफाँड गरी परिचालित भएको हुँ ।

२०८२ भदौ २४ गते प्रदर्शनकारीहरू सुरुआती समयमा ५/६ हजारको सङ्ख्या र पछि अन्दाजी १०/१२ हजारको सङ्ख्या रहेको थियो । बिस्तारै प्रदर्शनकारीहरूको सङ्ख्या बढ्दै गयो । केही व्यक्तिहरूले खुकुरी, केहीले लाठी, ढुङ्गामुढा, पेट्रोल भरेका बोतलसमेत बोकी हिँडेका देखिन्थे ।

कमान्डरको आदेशबमोजिम लाठीचार्ज, अश्रुग्यास, सर्टगनको रबर कार्टिजसमेत फायर गरी कार्यालयको सुरक्षा गरेका हौँ । कुनै पनि प्रदर्शनकारीहरू गम्भीर घाइते नभएको र मानवीय क्षतिसमेत नभएको ठीक साँचो हो ।



**तरकारी खेतीका लागि टनेल :** काठमाडौँको तारकेश्वर नगरपालिका-३ चिसापानीस्थित खेतमा व्यावसायिक रूपमा मौसमी तथा बेमौसमी तरकारी खेती गर्न किसानले निर्माण गरेको टनेल । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# भक्तपुर उद्योग वाणिज्य सङ्घको आयोजनामा स्टार्टअप सम्मेलन र व्यापार मेला हुने

भक्तपुर, २ जेठ । भक्तपुर उद्योग वाणिज्य सङ्घको आयोजनामा स्टार्टअप र नवप्रवर्तन उद्यमी विकास सम्मेलन तथा दोस्रो औद्योगिक प्रवर्द्धन व्यापार मेला हुने भएको छ ।

सङ्घले शुक्रबार पत्रकार सम्मेलन गरी स्टार्टअप सम्मेलन र व्यापार मेला सञ्चालनबारे जानकारी दिएको हो । वाग्मती प्रदेश सरकारअन्तर्गतको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मकवानपुरसँग सहकार्य गरी आगामी आइतबार जिल्लाको सूर्यविनायक नगरपालिकास्थित क्लब वाग्मतीमा स्टार्टअप र नवप्रवर्तन उद्यमी विकास सम्मेलन २०८३ सञ्चालन गर्न लागेको आयोजकले जनाएको छ ।

सम्मेलनले नेपालमा स्टार्टअप तथा नवप्रवर्तन संस्कृतिको विकास, युवा उद्यमशीलतालाई प्रवर्द्धन, लगानी तथा बजार पहुँच विस्तार, नीति समन्वय तथा नवप्रवर्तनमैत्री वातावरण निर्माण गर्ने लक्ष्य लिएको छ । सम्मेलनअन्तर्गत प्यानल डिस्कसन, फाउन्डर स्टोरी सेसन, स्टार्टअप प्रदर्शनी तथा पिच डेक सेसन आयोजना गरिनेछ । प्यानल डिस्कसनमा सुबास शर्मा, विनायक शाह, डा. प्रकाशकुमार श्रेष्ठ, दर्शना श्रेष्ठ, बलराम सञ्जेल वक्ताको रूपमा रहनेछन् भने सुगारिका केसी मोडरेटरको रूपमा रहनुहनेछ ।

यसैगरी, फाउन्डर स्टोरी सेसनअन्तर्गत सफल उद्यमीहरूले




आफ्नो उद्यम यात्रा, सङ्घर्ष, सिकाइ र सफलताका अनुभवहरू साझा गर्नेछन् । उक्त सेसनमा सैफ गौचन, श्रीया गिरी, सन्तोष पाण्डेय, निष्ठा कायस्थ, केश्मा थापा रहनेछन् । सम्मेलनमा आयोजना हुने पिच डेक सेसनमा छनोट भएका उद्यमीहरूले आफ्नो व्यवसायिक अवधारणा तथा स्टार्टअप योजनाहरू विज्ञहरूको समूहसमक्ष प्रस्तुत गर्नेछन् । पिच डेक सेसनको निर्णायक मण्डलमा वान टु वाचका प्रबन्ध निर्देशक विश्व गिरी, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपाने र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मकवानपुरका निर्देशक यादवनाथ आचार्य रहनुहुनेछ ।

आयोजकका अनुसार सम्मेलनमा विभिन्न स्टार्टअप तथा नवप्रवर्तन उद्यमद्वारा उत्पादित सेवा तथा वस्तुहरूको प्रदर्शनीसमेत रहनेछ । अवलोकनको लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ । सम्मेलनले नेपालमा नवप्रवर्तन, उद्यमशीलता र लगानीको वातावरण सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने सङ्घअन्तर्गतको युवा उद्यमी उपसमितिका संयोजक कृतन अवालले बताउनुभयो ।

यसैगरी, सङ्घको आयोजनामा जेठ १५ र १६ गते दोस्रो भक्तपुर औद्योगिक प्रवर्द्धन व्यापार मेला-२०८३ हुने भएको छ । 'हस्तकला, मौलिक संस्कृति र दिगो पर्यटन-विकसित र व्यवसायिक भक्तपुर हाम्रो चिन्तन' भन्ने नाराका साथ उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरको सहकार्यमा भक्तपुर नगरपालिकास्थित भक्तपुर औद्योगिक क्षेत्र परिसरमा मेला सञ्चालन गर्ने भएको हो ।

भक्तपुर जिल्लाका मौलिक उत्पादन एवं स्थानीय स्रोत र साधनबाट उत्पादित हस्तकलाका सामानहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजार प्रवर्द्धन गर्न र उद्योग, व्यापार, कृषि, पर्यटन, संस्कृतिको प्रवर्द्धन गरी जिल्लाको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ सञ्चालन हुने मेलामा मौलिक हस्तकलाका उत्पादनहरू, कृषि उत्पादनहरू, तयारी पोशाक, बालबालिकाका खेलौना, गरगहना, सौन्दर्य तथा श्रृङ्गारका सामग्री, मूर्ति तथा उपहारका सामग्री, रैथाने तथा अर्गानिक खाद्य सामग्री, इलेक्ट्रोनिक्सलगायत अन्य विविध सामग्रीहरूका ६० भन्दा बढी स्टल रहनेछन् । जसमध्ये ५० प्रतिशत बुकिङ भइसकेको सङ्घअन्तर्गतको मेला उपसमितिका संयोजक रंजित मारिखूले जानकारी दिनुभयो ।

मेलामा स्थानीय खानाका स्टलहरू पनि रहनेछन् भने विशेष साङ्गीतिक कार्यक्रम हुनेछ । बालबालिकालाई मनोरञ्जनको लागि बाल उद्यानको व्यवस्था हुनेछ ।

नेपाल उद्योग वाणिज्य महासङ्घ मेलाको सहयोगी निकाय रहेको छ तथा इन्ट्रोडक्सन ट्रेड सोज नेपाल प्राइभेट लिमिटेडले मेला व्यवस्थापन गर्ने जिम्मेवारी लिएको छ । मेला अवलोकनको लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ भने मेला बिहान १२ बजेदेखि साँझ ८ बजेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।

# नयाँ पुस्ताको नजरमा 'सय वर्षपछिको भक्तपुर'




भक्तपुर, जेठ १ । बुक क्लव भक्तपुरको आयोजनामा शुक्रबार नयाँ पुस्ताको नजरमा 'सय वर्षपछिको भक्तपुर' नामक पुस्तकको अन्तरसम्वाद कार्यक्रम सम्पन्न भयो ।

पठन संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले हरेक महिनाको एक शुक्रबार नियमित रूपमा पुस्तकको चर्चा परिचर्चा गरिँदै आएको छ ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ ( रोहित) ले वि. सं. २०५९ मा 'सय वर्षपछिको भक्तपुर' नामक पुस्तक पहिलोपटक प्रकाशित गरिएको हो । पुस्तकको नेपाली संस्करण दुई र अङ्ग्रेजी संस्करण एक गरी तीन संस्करण प्रकाशित भैसकेको छ ।

पुस्तकले भविष्यको भक्तपुरको स्पष्ट दिशानिर्देश गरेको सहभागीहरुले चर्चा गरेको थियो । उक्त कार्यक्रम सञ्चालनका लागि गोर्खा ईको प्यानलले प्रायोजन गरिएको थियो ।

# १५ दिने बोटल आर्ट तालिम सुरु

भक्तपुर, १ जेठ । उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरको आयोजना र भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको सहकार्यमा '१५ दिने बोटल आर्ट तालिम' शुक्रबारबाट सुरू भयो ।

कार्यक्रममा सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले सङ्घको मुख्य उद्देश्य युवाहरूलाई उद्यमी र स्वरोजगार बनाउनु रहेकोले उद्देश्य प्राप्तिका लागि तालिम आयोजना गरिएको बताउनुभयो ।

उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरका कार्यालय प्रमुख रामप्रसाद कुस्माले उद्योग तथा वाणिज्य कार्यालयले विभिन्न सङ्घ-संस्थाहरूसँगको सहकार्यमा निरन्तर तालिम तथा गोष्ठीहरू आयोजना गरिरहेको बताउनुभयो ।

कार्यालयले सबै लक्षित वर्गमा सूचना सम्प्रेषण गर्न गाह्रो हुने हुँदा विभिन्न सङ्घ-संस्थाहरूको सहकार्य गरी कार्यक्रम सञ्चालन गर्दा तालिमको प्रभावकारिता र लक्षित वर्गसम्म पहुँच बढ्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

उद्योग तथा वाणिज्य कार्यालयका अधिकृत राजेन्द्र सुवेदीले तालिमको महत्त्वबारे प्रकाश पार्दै सिकेको सीपले फुर्सदको समय हुनुको साथै आयआर्जन गर्न मद्दत पुग्ने बताउनुभयो ।

सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले भक्तपुरमा आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमन धेरै हुने भएकोले यो तालिम लिएर पर्यटक लक्षित सामग्रीहरू तयार गर्नसके बजारको समस्या नहुने धारणा राख्नुभयो ।

प्रमुख प्रशिक्षक उमेश नकर्मीले आफू इन्जिनियर पेसामा रहे पनि सभा-समारोह र भोजभतेरमा शीशाका बोटल धेरै खेर गइरहेको देखेर त्यसलाई कसरी सदुपयोग गर्न सकिन्छ भन्नेबारे अध्ययन गर्दा बोटल आर्टमा लाग्न उत्प्रेरित मिलेको बताउनुभयो । उहाँले शीशाका बोटलहरूमा कला भरेर आकर्षक उपहारका सामग्रीहरू तयार गर्न सकिने र यसबाट राम्रो आम्दानी गर्न सकिने उल्लेख गर्नुभयो ।

# नयाँ गठित 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' ले गर्नेछ यी काम

काठमाडौँ, १ जेठ । सरकारले विज्ञान, प्रविधि र नवप्रवर्तन क्षेत्रलाई केन्द्रमा राख्दै नयाँ मन्त्रालय गठन गरेको छ । मन्त्रिपरिषद्बाट गत वैशाख ३० गते निर्णय भई राजपत्रमा प्रकाशित नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ अनुसार 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' औपचारिक रूपमा स्थापना गरिएको हो ।

सरकारले विज्ञान तथा प्रविधि क्षेत्रलाई छुट्टै मन्त्रालयमार्फत अघि बढाउने निर्णयलाई राज्यको दीर्घकालीन विकास रणनीतिसँग जोडेर हेरिएको छ । हाल उक्त मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री बालेन्द्र शाहले नै सम्हालिराख्नुभएको छ ।

नवगठित यो मन्त्रालयलाई विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित नीति, कानुन तथा मापदण्ड निर्माण गर्ने अधिकार दिइएको छ । त्यस्तै, वैज्ञानिक अनुसन्धान, अन्तरिक्ष विज्ञान तथा खगोल विज्ञानसम्बन्धी अध्ययन र अनुसन्धानको जिम्मेवारी पनि यही मन्त्रालयअन्तर्गत रहने व्यवस्था गरिएको छ ।

सरकारले विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रवर्द्धन तथा विकासलाई संस्थागत बनाउने उद्देश्यसहित मन्त्रालय गठन गरेको जनाएको छ । जसअनुसार मन्त्रालयले विज्ञान तथा प्रविधिसम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, सर्वेक्षण तथा मापदण्ड निर्धारणको काम गर्नेछ ।

त्यसैगरी, पारमाणविक प्रविधि र रेडियोधर्मी पदार्थको गुणस्तर तथा उपयोगसम्बन्धी तथ्याङ्क प्रणाली स्थापना, व्यवस्थापन र नियमनको जिम्मेवारी पनि नयाँ मन्त्रालयलाई दिइएको छ । जैविक तथा पारमाणविक प्रविधिको उपयोग, प्रवर्द्धन, नियन्त्रण र नियमनको काम समेत यही मन्त्रालयले हेर्नेछ ।

ओजोन तह अध्ययन, सौर्य विकिरण मापन तथा सूचना प्रवाह, वैज्ञानिक उपकरणको क्यालिब्रेशन र प्रमाणीकरण, रासायनिक पदार्थको उपयोग तथा नियमनसम्बन्धी काम पनि मन्त्रालयको कार्यक्षेत्रमा समेटिएको छ ।

सरकारले आणविक ऊर्जा र पारमाणविक पदार्थको व्यवस्थापनलाई समेत प्राथमिकतामा राखेको छ । मन्त्रालयले पारमाणविक पदार्थ तथा बेवारिसे स्रोतहरूको खोज, पुनर्लाभ र व्यवस्थापन गर्नेछ भने आणविक ऊर्जासम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमनको जिम्मेवारी पनि पाउनेछ ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटेरियम, वेधशाला तथा विज्ञान सङ्ग्रहालयसम्बन्धी विषयहरू पनि अब यही मन्त्रालयअन्तर्गत रहनेछन् ।

नवप्रवर्तन, प्रविधि विकास र औद्योगिक आधुनिकीकरणलाई समेत मन्त्रालयको प्रमुख प्राथमिकतामा राखिएको छ । वस्तु तथा सेवा, प्रक्रिया, प्रविधि तथा डिजाइनको विकास, सुधार र प्रयोगदेखि उद्योग तथा व्यवसाय क्षेत्रमा 'इन्डस्ट्री ४.०' र 'इन्डस्ट्री ५.०' जस्ता नवीनतम अवधारणाको अध्ययन, अनुसन्धान तथा उपयोगको जिम्मेवारी मन्त्रालयलाई दिइएको छ ।

त्यस्तै मन्त्रालयले विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय गर्ने अधिकार पनि पाएको छ । नेपालमा विज्ञान तथा अनुसन्धान क्षेत्र लामो समयदेखि बजेट अभाव, नीतिगत अस्पष्टता र दक्ष जनशक्ति पलायनको समस्याबाट प्रभावित रहँदै आएको अवस्थामा नयाँ मन्त्रालय गठन पछि यस क्षेत्रमा लक्षित परिणाण हासिल गर्न सकिने अपेक्षा गरिएको छ । ***(रासस)***

# अनुदानमा उपलब्ध गराएको मलको कालोबजारी गर्नेलाई कारबाही गरिने

काठमाडौँ, १ जेठ । कृषि, वन तथा पर्यावरण मन्त्रालयले मल आयातकर्ता तथा डिलरहरूले रासायनिक मल नियन्त्रण आदेशमा उल्लेखित रासायनिक मलको 'स्पेसिफिकेसन' अनुसार मलको कारोबार गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले आदेशको प्रावधानविपरीत गलत विवरण तथा लेवल राखी रासायनिक मलको पैठारी तथा मिश्रण बिक्री वितरण नगर्न आग्रह गरेको हो । सरकारले अनुदानमा उपलब्ध गराएको मलको कालोबजारी गर्ने व्यापारीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने मन्त्रालयका कृषि अर्थविज्ञ महानन्द जोशीले जानकारी दिनुभयो ।

उहाँका अनुसार रासायनिक मल, तत्त्वीय संरचना, न्यूनतम अधिकतम पोषक तत्त्वको मात्रा, भौतिक तथा रासायनिक गुणस्तर भएको मलमात्र पैठारी एवं बिक्रीवितरण गर्न पाइने व्यवस्था छ ।

मन्त्रालयले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको बिक्री कार्यालय तथा डिपो वा मल आयातकर्ता वा डिलरका रूपमा दर्ता भएका विश्वासिलो स्रोतबाट मल खरिद गर्न किसानलाई अनुरोध गरेको छ । बजारमा पाइने रासायनिक मलको मूल्य, स्रोत एवं गुणस्तरको बारेमा मल विक्रेतासँग आवश्यक सोधखोज तथा गुणस्तर एकिन गरी खरिद गर्न मन्त्रालयले आह्वान गरेको छ ।

***(रासस)***

## सङ्क्षिप्त समाचार

# बाग्मती प्रदेशसभा बैठक शुक्रबार मध्यरातदेखि अन्त्य

मकवानपुर, १ जेठ। वाग्मती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले शुक्रबार मध्यरातदेखि प्रदेशसभाको चालु अधिवेशन अन्त्य गर्नुभएको छ।

उहाँले वाग्मती प्रदेश मन्त्रीपरिषद्बाट सिफारिसबमोजिम शुक्रबार राति १२:०० बजेदेखि अधिवेशन अन्त्य गर्नुभएको हो।

प्रदेशसभाको हिँउदे अधिवेशनअन्तर्गत २०८२ साल चैत २४, २५ र २६ गते एवं २०८३ साल वैशाख ६ गते बैठक भएको थियो। *(रासस)*

# केयूको जिम्मेवारी प्राध्यापक वाग्लेलाई

काठमाडौँ, १ जेठ। काठमाडौँ विश्वविद्यालय (केयु)को उपकुलपतिको दैनिक कार्य सञ्चालनको जिम्मेवारी प्राध्यापक ऋषिकेश वाग्लेले प्राप्त गर्नुभएको छ।

प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति बालेन्द्र साहले गत वैशाख ३० गतेको निर्णयानुसार विश्वविद्यालयको रिक्त उपकुलपतिमा दैनिक कार्य गर्नेगरी उहाँलाई जिम्मेवारी तोक्नुभएको हो। उहाँ सो विश्वविद्यालयको कानुन सङ्कायका पूर्वडीन हुनुहुन्छ। शुक्रबारैदेखि उहाँले कार्यभार पनि सम्हाल्नुभएको केयुले जनाएको छ। *(रासस)*

# अपाङ्गता भएकालाई सहायक सामग्री प्रदान

खोटाङ, १ जेठ। ऐसेलुखर्क गाउँपालिकाका अपाङ्गता भएका २१ जनालाई सहज जीवनयापनका लागि विविध सहायक सामग्री वितरण गरिएको छ।

अपाङ्गता भएका चार जनालाई 'ह्विलचियर', र दश जनालाई 'ट्वाइलेट चियर', दुई जनालाई 'एलकेन' लौरो, एक जनालाई 'हेयरिङ एड', अन्य एक जनालाई 'मोडिफाइ सुज' र दुई जनालाई कृत्रिम हात वितरण गरिएको हो।

गाउँपालिकामा सञ्चालित अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमअन्तर्गत विनियोजन भएको रु. तीन लाख बजेटमार्फत विभिन्न प्रकारका सहायक सामग्री खरिद गरेर वितरण गरिएको कार्यक्रम संयोजक भक्तबहादुर राईले राससलाई जानकारी दिनुभयो।

ऐसेलुखर्क गाउँपालिकामा गाउँपालिका, कोशी प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेशनको संयुक्त साझेदारीमा अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालन गरिएको हो।

ऐसेलुखर्क बजारस्थित गाउँपालिकाको कार्यालयमा बिहीबार आयोजित एक कार्यक्रममा गाउँपालिका प्रमुख गीरेन्द्रबहादुर राईले सामग्री वितरण गर्नुभएको हो। उक्त कार्यालयका अनुसार यो पालिकामा २७७ जना अपाङ्गता भएका व्यक्ति छन्। *(रासस)*

# अनौपचारिक शिक्षा तथ्याङ्क एकीकृत गरिँदै

काठमाडौँ, १ जेठ। शिक्षा तथा खेलकुद मन्त्रालय मातहतको शिक्षा तथा मानव स्रोत केन्द्रले अनौपचारिक शिक्षातर्फको शैक्षिक तथ्याङ्कलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) मा आबद्ध गराएको छ।

केन्द्रले हरेक वर्षको दुई पटक शिशु कक्षादेखि कक्षा १२ सम्मको सबै तथ्याङ्क अद्यावधिक गर्दै आएकामा अब अनौपचारिक शिक्षाको तथ्याङ्क पनि सङ्कलन आरम्भ गरेको हो। केन्द्रका निर्देशक माधवप्रसाद पोखेलले सबै स्थानीय तह र सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शैक्षिक तथा आजीवान सिकाइसँग सम्बन्धित हालसम्मको तथ्याङ्कको विवरण प्रविष्ट गरी अद्यावधिक गर्न पत्राचार गरिएको जनाउनुभयो।

मन्त्रालयबाट प्रकाशित 'शैक्षिक सूचना, २०८१' अनुसार मुलुकभर दुई हजार १५१ सामुदायिक सिकाइ केन्द्र, १२१ खुला विद्यालय र १७१ अनौपचारिक विद्यालय रहेका छन्। *(रासस)*

# इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिले आयोजना प्रभावित

सिद्धार्थनगर, १ जेठ। लुम्बिनी निर्माण व्यवसायी सङ्घले निर्माण सामग्री तथा इन्धनमा भएको मूल्यवृद्धिका कारण निर्माण क्षेत्र गम्भीर समस्यामा परेको जनाएको छ।

सङ्घका अध्यक्ष रमेश बेल्वासेले रासससँगको कुराकानीमा पछिल्लो समय लागत अत्यधिक बढेकाले निर्माण क्षेत्र नराम्ररी प्रभावित भएको बताउनुभयो।

डिजेल, बिटुमिन, फलाम, सिमेन्ट, ढुवानी खर्च तथा श्रमिक पारिश्रमिकमा निरन्तर वृद्धि भइरहेकाले पुरानै दरमा आयोजना निर्माण गर्न नसकिने अवस्था सिर्जना उहाँले भएको बताउनुभयो। इन्धन र बिटुमिनको अकासिएको मूल्यले निर्माण व्यवसायीहरू ठुलो आर्थिक दबाबमा परेका गुनासो उहाँले गर्नुभयो।

अध्यक्ष बेल्वासेले निर्माण क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाखौँ नागरिक आबद्ध रहेकाले मूल्यवृद्धिको असर समग्र अर्थतन्त्रमा समेत परेको उल्लेख गर्नुभयो। समयअनुकूल लागत समायोजन नहुँदा निर्माण व्यवसायी, श्रमिक तथा आयोजना सबै प्रभावित भएका उहाँको भनाइ छ।

समयमै मूल्य समायोजन नभए विकास आयोजनाहरू प्रभावित हुने र निर्माण नै ठप्प हुने परिस्थिति सृजना भएको भन्दै उहाँले निर्माण व्यवसायीहरूले बैंक ग्यारेन्टी, बिमा, धरौटी तथा पेस्कीसम्बन्धी व्यवस्थामा सहजीकरण गर्न सरकारसँग अनुरोध गर्नुभयो। *(रासस)*



**चरनका लागि राखिएको मौरी**

वीरेन्द्रनगर-१० एकतानगरमा चरनका लागि राखिएको मौरी। *तस्बिर: हेमन्त केसी/रासस*

# हेटौँडा-ढल्केवर प्रसारण लाइन निर्माणले गति लियो

काठमाडौँ, १ जेठ। लामो समयदेखि स्थानीयको असन्तुष्टिका कारण रोकिँदै आएको 'हेटौँडा-ढल्केवर-दुहवी ४०० केभी प्रसारण' लाइन निर्माण पुन: सुरु भएको छ।

सरकारको पहलपछि सो प्रसारण लाइनको निर्माण सुरु भएको छ। लामो समयदेखि मुआब्जा र जग्गा विवादका कारण अवरुद्ध आयोजना ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको पहलपछि पुन:सक्रियताका साथ निर्माण अगाडि बढेको छ।

नेपाल विद्युत् प्राधिकरणले पनि प्रभावित स्थानीय, जनप्रतिनिधि तथा सरोकारवालासँग मन्त्री श्रेष्ठले गरेको निरन्तर छलफल र समन्वयपछि जग्गाधनीले मुआब्जा स्वीकार गरेकाले प्रसारण लाइनको टावर निर्माण अगाडि बढेको जानकारी दिएको छ।

सन् २०१२ देखि निर्माण सुरु भएको प्रसारण लाइनअन्तर्गत हेटौँडाको हटिया क्षेत्रमा टावर निर्माण रोकिँदा आयोजना वर्षौँदेखि प्रभावित बनेको थियो। कुल २८८ किलोमिटर लम्बाइको आयोजनामध्ये पूर्वी खण्ड १५४ किलोमिटर लामो ढल्केवर-इनरुवा खण्ड तीन वर्षअघि नै सञ्चालनमा आइसकेको छ। तर, १३४ किलोमिटर लामो हेटौँडा-ढल्केवर खण्ड भने मुआब्जा विवादका कारण ढिलाइ भइरहेको थियो।

प्राधिकरणले हेटौँडा क्षेत्रमा निर्माण गर्नुपर्ने १४ वटा टावरमध्ये हाल तीन वटाको निर्माण सम्पन्न भइसकेको छ। यस्तै, दुई वटाको इरेक्सन (टावर ठड्याउने) कार्य जारी रहेको जनाएको छ।

साथै सबै टावरको जग निर्माण पूरा भइसकेको तथा बाँकी संरचनाको काम अन्तिम चरणमा पुगेको जनाएको छ। प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले टावर निर्माणसँगै मुआब्जा तथा क्षतिपूर्ति वितरणको प्रक्रिया समानान्तर रूपमा अघि बढाइएको जानकारी दिनुभयो।

उहाँले प्रभावितलाई कानुनअनुसार उचित क्षतिपूर्ति उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्दै तार तान्ने कार्य सुरु भएसँगै पहिचान भएका सबैलाई एकैपटक मुआब्जा वितरण गरिने बताउनुभयो।

श्रेष्ठका अनुसार चालु आर्थिक वर्षभित्र प्रसारण लाइन सञ्चालनमा नआए वर्षायाममा उत्पादन हुने करिब ८०० मेगावाट विद्युत् प्रवाह हुन नसकी खेर जाने जोखिम रहन्छ। त्यसबाट राष्ट्रलाई ठुलो आर्थिक क्षति हुनसक्ने उहाँको भनाइ छ।

प्राधिकरणले वन क्षेत्रको रुख कटान तथा जग्गा प्रयोगसम्बन्धी बाँकी स्वीकृति प्राप्त हुनेबित्तिकै बाँकी दुई वटा टावर निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ।

आयोजना सम्पन्न भएपछि देशको आन्तरिक विद्युत् आपूर्ति थप सुदृढ हुने, राष्ट्रिय ग्रिडको विश्वसनीयता बढ्ने तथा छिमेकी मुलुकसँगको विद्युत् व्यापार विस्तारमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

सो प्रसारण लाइन निर्माणका लागि पटकपटक प्रयास भए पनि समस्या समाधान हुन सकेको थिएन। पछिल्लो पहलपछि अब भने प्रसारण लाइन निर्माण सम्पन्न हुने विश्वास लिइएको छ। *(रासस)*

# अन्तर्राष्ट्रिय परिवार दिवस शुक्रबार मनाइयो

काठमाडौँ, १ जेठ। दिगो विकास, सामाजिक समावेशिता र परिवारको सशक्त भूमिकामा केन्द्रित रहेर शुक्रबार विश्वका विभिन्न मुलुकमा विविध कार्यक्रम आयोजना गरी अन्तर्राष्ट्रिय परिवार दिवस मनाइएको छ।

यसै अवसरमा संयुक्त राष्ट्रसङ्घको प्रधानकार्यालयमा आगामी दोस्रो विश्व सामाजिक विकास शिखर सम्मेलनको तयारीस्वरूप दिगो विकासका लागि नीतिगत समाधानबारे विशेष छलफल हुँदैछ।

सन् १९८० को दशकदेखि परिवारसँग सम्बन्धित विषयमा राष्ट्रसङ्घले विशेष ध्यान दिन थालेको भए पनि आर्थिक तथा सामाजिक परिषद्को सिफारिसमा सामाजिक विकास आयोगले सन् १९८३ मा 'विकास प्रक्रियामा परिवारको भूमिका' सम्बन्धी प्रस्ताव पारित गर्दै परिवारका समस्या, आवश्यकता तथा समाधानका उपायबारे विश्वव्यापी जनचेतना अभिवृद्धि गर्न महासचिवलाई आग्रह गरेको थियो।

राष्ट्रसङ्घका अनुसार सन् १९८५ मा परिषद्ले महासभालाई 'विकास प्रक्रियामा परिवार' शीर्षकलाई आफ्नो कार्यसूचीमा समावेश गर्न सुझाव दिएको थियो। त्यसपछि सदस्य राष्ट्रका धारणा र प्रस्तावका आधारमा परिवारको अवस्था र कल्याण सुधार गर्ने तथा सामाजिक विकासका लागि अन्तर्राष्ट्रिय सहकार्य बढाउने पहल अघि बढाइएको थियो।

महासभाले सन् १९८९ मा 'अन्तर्राष्ट्रिय परिवार वर्ष' घोषणा गरेको थियो। त्यसपछि सन् १९९३ मा पारित प्रस्तावअनुसार हरेक वर्ष मे १५ लाई अन्तर्राष्ट्रिय परिवार दिवसका रूपमा मनाउने निर्णय भएको हो। यो दिवस सन् १९९४ देखि औपचारिक रूपमा विश्वभर मनाउन थालिएको हो।

अन्तर्राष्ट्रिय परिवार दिवसले परिवारसँग सम्बन्धित सामाजिक, आर्थिक तथा जनसाङ्ख्यिक प्रक्रियाबारे चेतना अभिवृद्धि गर्ने अवसर प्रदान गर्ने विश्वास गरिएको छ। राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्रले सन् २०१५ मा अनुमोदन गरेका दिगो विकास लक्ष्य प्राप्तिमा परिवार र परिवारमैत्री नीति तथा कार्यक्रमलाई महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ। गरिबी न्यूनीकरण, विभेद अन्त्य, सामाजिक सुरक्षा तथा समावेशी विकासका लक्ष्य हासिल गर्न परिवारको भूमिकालाई विशेष महत्त्व दिइएको छ। *(रासस)*

# यान्त्रिक अवस्था ठीक नभएका १७ सवारीसाधनका चालक कारबाहीमा

काठमाडौँ, १ जेठ। काठमाडौँ उपत्यकामा सवारी दुर्घटना न्यूनीकरण तथा सडक सुरक्षालाई प्रभावकारी बनाउन ट्राफिक प्रहरीले सञ्चालन गरेको विशेष चेकिङ अभियानअन्तर्गत यान्त्रिक अवस्था कमजोर रहेका १७ वटा सवारीसाधनका चालक कारबाहीमा परेका छन्।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (टियु) प्रवेशद्वार क्षेत्रमा विशेष सवारी जाँच अभियान सञ्चालन गरेको थियो। सो अभियानका क्रममा ४७ वटा सवारीसाधनको प्राविधिक तथा यान्त्रिक अवस्था परीक्षण गर्दा १७ वटा सवारीसाधन मापदण्डअनुसार नरहेको पाइएपछि चालकलाई कारबाही गरिएको ट्राफिक प्रहरीले जनाएको छ।

उपत्यका ट्राफिक प्रहरीका अनुसार जाँचका क्रममा कतिपय सवारीसाधनमा ह्याण्डब्रेक दुरुस्त नभएको, लाइट बिग्रिएको, टायर अत्यधिक खिइएको तथा अन्य प्राविधिक समस्या देखिएको थियो। यस्ता कमजोरी भएका सवारीसाधन सडकमा सञ्चालन हुँदा दुर्घटनाको जोखिम बढ्ने भएकाले तत्काल कारबाही गरिएको जनाइएको छ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीले यान्त्रिक रूपमा कमजोर सवारीसाधन सडक सुरक्षाका लागि गम्भीर चुनौती बन्दै गएको बताउनुभयो।

उहाँले यात्रु, चालक तथा सडक प्रयोगकर्ताको सुरक्षालाई प्राथमिकतामा राखेर नियमित रूपमा विशेष चेकिङ अभियान सञ्चालन भइरहेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "सवारीसाधनको सामान्य लापरवाहीले पनि ठुलो दुर्घटना निम्त्याउन सक्छ। त्यसैले यान्त्रिक अवस्था कमजोर भएका सवारीसाधनमाथि निगरानी बढाइएको हो। शुक्रबारको अभियानमा १७ वटा सवारीसाधनका चालकलाई कारबाही गरिएको छ। हाम्रो उद्देश्य केबल जरिवाना गर्नु मात्रै होइन, सम्भावित दुर्घटना रोक्नु र जनताको जीवन सुरक्षा गर्नु पनि हो।" ट्राफिक प्रहरीका अनुसार पछिल्लोसमय सडक दुर्घटनाका घटनामध्ये धेरै दुर्घटना सवारीसाधनको प्राविधिक खराबीकै कारण हुने गरेको पाइएको छ।

विशेषगरी लामो समयसम्म मर्मत नगरी चलाइएका सार्वजनिक तथा निजी सवारीसाधनले सडकमा जोखिम बढाइरहेको ट्राफिक प्रहरीको भनाइ छ।

ट्राफिक प्रहरीले सवारी धनी, यातायात व्यवसायी तथा चालकलाई नियमित रूपमा सवारीसाधनको ब्रेक, टायर, लाइट, इन्जिन तथा अन्य उपकरणको अवस्था परीक्षण गर्न आग्रह गरेको छ। आवश्यक मर्मत तथा प्राविधिक परीक्षण नगरी सवारी सञ्चालन नगर्न पनि चेतावनी दिइएको छ।

कार्यालयले आगामी दिनमा पनि उपत्यकाका विभिन्न स्थानमा यस्ता विशेष चेकिङ अभियानलाई निरन्तरता दिइने जनाएको छ। सडक अनुशासन कायम गर्दै सुरक्षित यात्रा सुनिश्चित गर्न ट्राफिक प्रहरी सक्रिय रूपमा परिचालन भइरहेको कार्यालयले जनाएको छ। *(रासस)*

। सम्पादकीय ।

# के सरकार संसदीय परम्पराको पक्षमा छ ?

सरकारको काम ऐन, कानुन र नियम बनाउनु मात्र होइन, व्यवहारमा लागू गर्नु पनि हो या लागू गर्ने बानी बसाल्नु पनि हो । सरकारले बनाएको नीति तथा कार्यक्रम पारित मात्र गर्ने होइन लागू गर्ने पनि हो । शुक्रबार प्रकाशित विभिन्न पत्रिकाहरूमा 'विरोधबिच नीति तथा कार्यक्रम पारित', 'विपक्षीको विरोध र बहिष्कारबिच सरकारको नीति तथा कार्यक्रम पारित, 'प्रधानमन्त्रीको जवाफबिनै सरकारको नीति तथा कार्यक्रम पारित,' 'विपक्षीको विरोधबिच नीति तथा कार्यक्रम पारित', शीर्षकका समाचारहरू छापिए । विपक्षी दलहरूले विरोध गरे पनि या समर्थन नगरे पनि बहुमतको सरकारले कार्यक्रम पारित गर्नु स्वाभाविक हो । कार्यक्रम पारित गर्नुअघि कार्यक्रमबारे संसद्मा छलफल हुने संसदीय परम्परा हो । संशोधन प्रस्ताव पनि पेस हुन्छ । तर, सांसदहरूबिच व्यापक छलफल हुँदैन । छलफल गहिराइमा पुग्दैन । छलफलको निम्ति समय नै पुग्दैन ।

यो वर्ष त छलफलको लागि एकदिनको समय दिएर पारित गरियो । वर्षको दिन निम्ति ल्याइएको सरकारी नीति तथा कार्यक्रममा ५/१० मिनेटभित्र विपक्षी दलका सांसदहरूले आ-आफ्नो दलको राय सुझाव दिनुपर्ने हुन्छ । ५/१० मिनेटभित्र सांसदहरूले कार्यक्रमबारे के सुझाव, सल्लाह दिने या के टिप्पणी गर्ने ? एकातिर सरकारले छलफलको निम्ति समय प्रदान गर्दैन भने अर्कोतिर सरकारले ल्याएको नीति तथा कार्यक्रममा जस्तो कमजोर भए पनि, त्यो कमजोरी औँल्याए पनि सुधार गर्दैन या अरु दलको प्रस्ताव अस्वीकार गर्छ । विपक्षी दलका नेता तथा सांसदहरूले जस्तो राम्रो या अति आवश्यक सुझाव दिए पनि सरकारले टेर्दैन या सुन्दैन । राम्रो सल्लाह र सुझावलाई सरकारले आत्मसात गर्दैन । सरकारका मन्त्रीहरूले सल्लाह सुझाव दिनेलाई धन्यवाद दिनेबाहेक अरु केही गर्दैनन् ।

सरकारको कार्यशैली हेर्दा सरकारी नीति तथा कार्यक्रमको छलफल पनि अनौपचारिकजस्तै भएको छ । कुनै सुझाव सल्लाह नस्वीकार्ने, आत्मसात नगर्ने छलफल पनि कस्तो छलफल भन्ने बुद्धिजीवीहरूको विश्लेषण छ । संसदीय यो क्रियाकलाप हेर्दा कस्तो लोकतान्त्रिक पद्धति भन्ने जस्तो हुन्छ । सरकारले कुनै पनि विपक्षी दलको विचार नसुन्ने, सल्लाह सुझाव नमान्ने कस्तो प्रजातान्त्रिक विधि ! यो वर्ष त प्रधानमन्त्रीको उपस्थितिबिनै सरकारी नीति तथा कार्यक्रम पारित गरियो । प्रम बालेन्द्र साहको अनुपस्थितिले संसद्मा हङ्गामा नै भयो । एक दिनको संसद्को बैठक त प्रमकेन्द्रित भयो । प्रमको उपस्थितिबिना संसद्को प्रक्रिया नै अघि नबढाउने भनी कति सांसदले बैठक नै बहिष्कार गरे भने कतिले अवरुद्ध गरे । प्रतिनिधिसभामा उठेका सांसदहरूको जिज्ञासाबारे प्रमले नै जवाफ दिनुपर्ने विपक्षी दलका सांसदहरूको माग थियो । तर, त्यो माग पूरा भएन । अन्ततः विपक्षीको विरोध र बहिष्कारबिच नीति तथा कार्यक्रम बिहीबार पारित भयो ।

प्रधानमन्त्री नियुक्त भएदेखि संसद्मा प्रमले सम्बोधन गरेका छैनन् । राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्मा सरकारी नीति तथा कार्यक्रम प्रस्तुत गरेको दिन पनि प्रम बालेन्द्र पूरा समय बसेनन् । कुनै औपचारिक जानकारीबिना नै उनी जुरुक्क उठेर गए । यो राष्ट्रपति, संसद्, मन्त्रिपरिषद् र आफ्नै पार्टीको अपमान भयो भनी सांसदहरूले टिप्पणी गरे । पदको मान मर्यादाको ख्यालै नगरेको जनगुनासो रहयो । आफूलाई प्रम बनाउने संसद् र जनतालाई उनले धन्यवाद पनि दिएनन् । धेरैले प्रश्न गरे, प्रधानमन्त्रीको संसद्प्रतिको जवाफदेहिता र उत्तरदायित्व खोइ ? नीति तथा कार्यक्रम सरकारको वर्षभरिको काम गर्ने अवधारणा हो, दृष्टिकोण हो । यसका मुख्य जिम्मेवार प्रधानमन्त्री हुन् । यसकारण, सदनमा प्रमको उपस्थिति हुनु राम्रो हो । तर, उनी उपस्थित भएनन् । सत्तापक्षका सांसदहरूले प्रमको जिम्मा अर्थमन्त्रीले लिएपछि टिप्पणी गर्न नपर्ने कुरा उठाए । आफ्नो जिम्मा अरुलाई दिन प्रमलाई के बाध्यता भयो भन्ने प्रश्न पनि उठ्यो । के प्रम बालेन्द्र थला परे ? के प्रम स्वदेशमै छैनन् या कुनै विदेशको कार्यक्रममा संलग्न छन् ? सत्तारुढ सांसदले प्रमको व्यस्तताकै कारण उपस्थित हुन नसकेको जवाफ फर्काए । सरकारी नीति तथा कार्यक्रमभन्दा प्रमको अर्को के व्यस्तता !

सरकारले हरेक क्षेत्र र समुदायमा विधि बसाल्नुपर्छ । मर्यादामा रहेर काम गर्नुपर्छ । प्रमजस्तो जिम्मेवार व्यक्तिले संसद्को मर्यादा नाघ्नु हुँदैन । प्रमले संसद्लाई बेवास्ता गरे पनि रास्वपाका अध्यक्ष रवि लामिछाने किन मौन ! के प्रम बालेन्द्रले देखाएको तमासा सही हो ? के संसद्लाई छल्नु भनेको सरकारलाई छल्नु होइन ? आफ्नो दल रास्वपालाई छल्नु होइन ? जनताको प्रतिनिधित्व गरेको संसद्लाई छल्ने या बेवास्ता गर्ने प्रमको कस्तो चाल ! यसरी नै प्रमले संसद्लाई बेवास्ता गर्दै गयो भने पछि पछि संसद् कसरी चल्छ ?

# इरान युद्ध बन्न सक्छ पेट्रोडलरमाथि अर्को धक्का

✍ क्रिस ओगदेन

'स्ट्रेट अफ हर्मुज' मा हप्तौं लामो नाकाबन्दीपछि इरान र अमेरिकाका लागि यो साँघुरो जलमार्ग यस द्वन्द्वको परिणामका लागि निर्णायक भएको स्पष्ट बनेको छ । यसबिच गत साता अमेरिकाले खाडी क्षेत्रमा फसेका जहाजलाई सैन्य बल प्रयोग गरेर हर्मुजबाट निकाल्ने प्रयाससमेत गऱ्यो । यस सैन्य कदम त्यस्तो बेला भयो, जब फारसी खाडीमा ऊर्जा सुरक्षा गम्भीर परिवर्तनको सँघारमा आएको छ ।



इरान र अमेरिकाले यस क्षेत्रबाट हुने तेल, ग्यास, हिलियम र मलको विश्वव्यापी प्रवाह नियन्त्रण गर्ने प्रयास गरिरहँदा अमेरिकाको सहयोगी देश युएई तेल उत्पादक देशको समूह 'ओपेक' बाट बाहिरिएको छ । उता इरानले युद्धबाट आफूले भोगेको क्षतिको भरपाईका रूपमा स्ट्रेट अफ हर्मुजमा आउजाउ गर्ने जहाजमाथि शुल्क लगाउने घोषणा गरेको छ । शुल्क कार्यान्वयन भयो इरानले प्रतिवर्ष ४० अर्बदेखि ५० अर्ब अमेरिकी डलरसम्म राजस्व सङ्कलन गर्ने अनुमान छ । यस रकमले अमेरिकाले इरानमाथि लगाएको आर्थिक प्रतिबन्धको प्रभावलाई कम गर्नसमेत सघाउनेछ ।

महत्त्वपूर्ण रूपमा, हर्मुजमा चल्ने जहाजमाथि इरानले उठाउने शुल्क चीनसँग सम्बन्ध बलियो बनाउने उपाय हुनेछ । किनभने शुल्क अमेरिकी डलरमा नभई चिनियाँ युआनमा हिसाब हुने तेहरानले बताएको छ । यसले क्षेत्रीय र विश्वव्यापी शक्तिसन्तुलनलाई उल्लेखनीय रूपमा परिवर्तन गर्नेछ ।

५० वर्षको प्रभुत्व : इरानले स्ट्रेट अफ हर्मुजमा चल्ने जहाजमाथि लगाउने शुल्क कायम राख्न सक्यो भने यसले पेट्रोडलरको ऐतिहासिक प्रभुत्वलाई घटाएर मध्यपूर्वको राजनीतिलाई चीन र एसियातर्फ ढल्काउन सक्छ । मूलत: पेट्रोडलर प्रणालीले तेलको मूल्य र व्यापार अमेरिकी डलरमा निर्धारण गऱ्यो । यो शब्द सन् १९७० को दशकमा प्रचलनमा आयो, जब अमेरिकाले साउदी अरबलाई सैन्य सहायताको बदला तेलको मूल्य अमेरिकी डलरमा निर्धारण गर्न भन्यो । पछि यो व्यवस्था ओपेकमा फैलियो र विश्वव्यापी तेल व्यापारको बेन्चमार्क बन्यो । यसले अमेरिकी डलरलाई विश्वव्यापी रिजर्भ मुद्राका रूपमा बलियो बनायो र अन्ततः अमेरिकाको शक्तिलाई थप सबल बनाउन सघायो ।

पेट्रोडलर व्यवस्थाले तेल उत्पादक राष्ट्रहरू विशाल पेट्रोडलर जम्मा गर्न सफल भए । तेल बेचेर आएको विशाल आय आफ्नो अर्थतन्त्रमा लगानी गर्न बढी भएकाले बचेको रकमलाई अमेरिकी धितोपत्र र स्टकमै लगानी गर्न थाले । बाँकी रकम अन्य देशको सार्वभौम सम्पत्ति कोषमा पनि लगानी गरियो । पेट्रोडलर ओपेक सदस्य मात्र नभई समूहबाहिरका तेल निर्यातकर्ता कतार र नर्वेका लागि राजस्वको प्राथमिक स्रोत बनेको छ । यस प्रणालीले तेल उत्पादक देशलाई वासिङटनसँग जोड्छ भने अमेरिकालाई विश्वव्यापी मामिलामा महत्त्वपूर्ण वित्तीय लाभ प्रदान गर्छ ।

नयाँ विश्वव्यवस्थाको सङ्केत : युएई, बहराइन, कतार, कुवेत र साउदी अरबजस्ता प्रमुख तेल उत्पादक खाडी देशले इरानलाई तिर्ने शुल्क 'पेट्रोयुआन'मा तिर्दा पर्ने प्रभावबारे अर्थशास्त्री एन्टोनियो भारद्वाज भन्छन्, 'यसले पेट्रोडलर प्रणालीको प्रणालीगत क्षय र विश्वव्यापी ऊर्जा लेनदेनको एक विश्वसनीय, संस्थागत रूपमा जोडिएको वैकल्पिक ढाँचाका रूपमा पेट्रोयुआनको उदयलाई इङ्गित गर्छ ।

अन्तर्राष्ट्रिय सम्बन्धका विश्लेषक पाकिजाह परविन यसबारे टिप्पणी गर्दै भन्छन् : 'तेल बजार दुई भागमा विभाजित हुनेछ । एउटा, इरानी घोषणा अनुपालन गर्ने पक्षले युआनमा भुक्तानी गर्नेछन् भने अर्को युआनमा भुक्तानी गर्न नमान्ने पक्षले डलर-निर्धारित ब्यारेलमा उल्लेखनीय रूपमा उच्च लागत व्यहोर्नेछन् ।' विशेषत: पाकिस्तान, दक्षिण कोरिया, जापान र फिलिपिन्सजस्ता प्रमुख अमेरिकी सहयोगीले बढी शुल्क तिनुपर्ने हुन सक्छ । यी देशले यसै पनि खाडी र मध्यपूर्वमा देखिएको उथलपुथलका कारण गम्भीर आर्थिक दबाबको सामना गरेका छन् । पेट्रो-युआनमा शुल्क तिर्दा उनीहरू चीनतर्फ नजिकिनुपर्ने हुन्छ । साथै, बेइजिङको भरपर्दो र स्थिर आर्थिक शक्तिको भाष्यले बल पाउँछ ।

हर्मुजमा इरानले उठाउने शुल्कले विश्व अर्थतन्त्रकै 'डी-डलर इजेशन' (डलर प्रयोगको अन्त्य) निम्त्याउने तर्क गर्नु चाँडै हुन्छ । तथापि, यो अमेरिकी डलरको महत्त्व कम हुने दिशामा एक कदम हुन सक्छ । समग्रमा अमेरिकी डलरबाट टाढिन कुनै पनि देशले उठाउने हरेक कदम आर्थिक र राजनीतिक रूपमा अमेरिकामाथिको निर्भरता घटाउने कदम हो । यसले युआनलाई अन्तर्राष्ट्रियकरण गर्ने चीनको प्रयासलाई पनि मद्दत गर्नेछ ।

सन् १९९६ पछि पहिलोपटक, विश्वभरका केन्द्रीय बैंकले आफ्नो भण्डारणमा अमेरिकी ऋण धितोपत्रभन्दा सुन बढी राखेका छन् । समग्रमा, युआनमा मूल्याङ्कन गरिएको इरानी कर उदीयमान बहुध्रुवीय संसारको अर्को सङ्केत हुनेछ, जहाँ अमेरिकी प्रभुत्व अब नरहन सक्छ । यसको अर्थ ठूला र साना सबै देशहरूका लागि थप रणनीतिक लचिलोपन हुनेछ, तर थप अनिश्चितता पनि हुनेछ ।

*- द कन्भरसेसनबाट*

# विश्व शान्तिको निम्ति सारा जनता एक होऔँ !

युरोप र एसियाको आकाशमा युद्धका बादलहरू देखापर्न थालेका छन् । युरोपमा एटलान्टिक महासागर र भूमध्यसागरका कारण पानी पर्दछ भने भूमध्यसागर, अरब सागर, हिन्द महासागर तथा प्रशान्त महासागरका बादलहरूले ती क्षेत्र र देशहरूमा पानी पर्दछ वा त्यहाँ आँधी बेहरीको परिस्थिति देखापर्छ ।

तर, अचेल संरा अमेरिका र नाटोको गलत नीतिको कारण युक्रेनको काँधमा बन्दुक बिसाएर अमेरिकी-नाटोले रुसमाथिको अथाह प्राकृतिक स्रोतसाधन र संसारको सबभन्दा ठूलो विस्तृत रुसी भूमिमाथि लालचको साम्राज्यवादी आँखाले हेर्दै छ । सन् २०१४ देखि नै युक्रेनका लुहान्स र दोनेत्स्कजस्तो रुसी जनसङ्ख्याको बाहुल्यता भएका गणतन्त्रहरूमा स्वतन्त्रता र प्रजातन्त्रविरोधी 'राष्ट्रिय समाजवाद' को नारा दिएर हिटलरले 'नाजी सिद्धान्त' छिमेकी देशहरूमाथि विस्तार गरेको थियो ।

त्यस्तै, प्रजातन्त्र र धार्मिक स्वतन्त्रताका विरोधी 'राष्ट्रिय एकता' (फासीवाद) को नारा दिई मुसोलिनीले छिमेकीहरूमाथि आफ्नो सेना पठाउँदै अफ्रिकाको अबेसिनियासम्म कब्जा गरेको थियो । यसरी आफ्नो पुँजीको निम्ति बजार पाउन धर्म, जात र गलत राजनैतिक सिद्धान्तको आधारमा बलमिचाइँ गर्दै फासीवादी सेना र हिटलरको नाजीवादी सेनाले सम्पूर्ण युरोप तथा उत्तरी अफ्रिकामा समेत त्राहिमाम (आतङ्क) मच्चाएका थिए ।

नाजीवाद र फासीवाद अर्थात् कट्टर जातीय र कट्टर धार्मिक भावनाको कारण आकाशमा देखिएको युद्धको मेघ गर्जनले सन् १९१९ मा पहिलो विश्वयुद्धपछि अन्तर्राष्ट्रिय भावनाले अन्तर्राष्ट्रिय शान्ति प्राप्त गर्न तथा आपसी देशहरूमा अन्तर्राष्ट्रिय सहयोग वृद्धि गर्न भर्सेलिजको सन्धि पछि 'लीग अफ नेसन्स' अर्थात् युद्धविरोधी देशहरूमाझमा एक अन्तर्राष्ट्रिय सङ्गठनको स्थापना भयो ।

आपसी भाइचारा, शान्ति र प्रगतिको निम्ति बनेको त्यो 'देशहरूको सङ्गठन' (लीग अफ नेसन्स) लाई पङ्गु बनाउँदै हिटलर, मुसोलिनी र तोजो (जापानी प्रधानमन्त्री) ले विश्वमा शान्तिको ठाउँमा युद्धको नगरा बजाए ।

संरा अमेरिकाले केही वर्ष अगाडिदेखि नै विश्व जलवायु परिवर्तनबाट संसारमा हुने भयावह परिणामलाई रोक्न गरिएको 'पेरिस सम्झौता' बाट पछि हट्ने घोषणा गऱ्यो । त्यसको प्रतिक्रिया संसारभरका बुद्धिजीवी र संवेदनशील समुदायले वैज्ञानिक र पर्यावरणविद्हरूसँग मिलेर संसारलाई जोगाउने शान्तिपूर्ण सचेतना आन्दोलनहरू भए ।

त्यस्तै, संरा अमेरिकाले राष्ट्र सङ्घको शिक्षा, संस्कृति र स्वास्थ्यसम्बन्धी सङ्गठनलाई दिइआएको रकम रोक्यो । कोभिड-१९ को हाहाकारलाई समयमै रोक्न संरा अमेरिकाले सक्रियता देखाएन र संसारमा धेरै जनधनको क्षति भयो ।

सारा संसारका बुद्धिजीवीहरूको मत छ - हातहतियारको उत्पादनको वर्षदिनको रकमले संसारका करोडौं जनताको भोकमरी र गरिबीलाई निर्मूल गर्न ठूलो भरोसा दिन्छ । संरा अमेरिकी नेताहरू र प्रशासनले विश्व लोककल्याणकारी आवाजलाई सुनेनन्, बरू उनीहरूले हतियारको उत्पादन बढाउँदै लगे, हातहतियार बेच्दै, युद्धलाई चर्काउँदै गए । संरा अमेरिका र बेलायतको सरकारले अस्ट्रेलिया, जापानलगायत देशहरूलाई पनि आणविक पनडुब्बी दिँदै युद्धको दुन्दुभी बजाउँदै छन् । एसियामा अनेक सैन्य अभ्यास गर्दै जापान र दक्षिण कोरियालाई युद्धको स्थितिमा पुऱ्याउन दबाब दिइँदै छ ।

संरा अमेरिका युरोपमा नाटो देशका हरेक सरकारसँग तिनको रक्षा बजेटको २ प्रतिशतको 'कर' उठाउँदै छ र रुसको सस्तो तेल तथा अन्य सामान किन्न रोक लगाउँदै छ । यी सबै काम नयाँ युद्धको परिस्थिति तयार गर्नु हो ।

संरा अमेरिकाले सोभियत रुसको एक गणतन्त्र युक्रेनलाई जस्तै अन्य गणतन्त्रलाई नाटोको सदस्य बन्न दबाब दिँदै छ । युक्रेनमा ३० वटा अफ्रिकी किटाणु हतियारको प्रयोगशाला बनाएर अत्याधुनिक हतियार थुपार्दै र सैन्य शक्तिलाई तालिम गर्दै रुसी जनतामाथि अन्याय गर्दै थियो ।

रुसी जनतामाथि भएको अत्याचार रोक्न लगाउन, सम्भावित युद्धको गतिविधि रोक्न लगाउन अमेरिकामाथि रुसले गरेको सबै अनुरोध र कूटनैतिक उपायलाई बेवास्ता गरेपछि आकस्मिक आक्रमणलाई रोक्न रुसले आत्मरक्षाको कारबाही गरेकोमा अमेरिकी राष्ट्रपति बाइडेनले रुसी राष्ट्रपति पुटिनमाथि युद्ध अपराधको आरोप लगाए जो पूर्णरूपले खोटपूर्ण छ ।

रुस सन् १९४५ मा स्थापित संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को एक सदस्य हो । रुसका राष्ट्रपतिलाई हेगको अन्तर्राष्ट्रिय अदालत (IEC) ले वारेन्ट वा पक्राउ पुर्जी जारी गरेको अर्को हास्यव्यङ्ग्यको नाटक हो । यी सबै खेल 'लिग अफ नेसन्स' बाट हिटलर र मुसोलिनी निस्केजस्तै वा अस्वीकार गर्दै लडाइँमा गएजस्तै संरा अमेरिका र नाटो त्यही पदचिह्नमा लाग्दै गरेको अनुमान गर्न सकिन्छ । यस्ता खतरालाई रोक्न र टार्न संसारका जनता एक हुन जरूरी छ । आशा गरौं !

७ चैत २०७९ (21 March 2023)

***सम्पादकीय सङ्कलन (तेस्रोखण्ड)***

# अफ्रिकी जनताको फ्रान्सेली उपनिवेशवादविरोधी सङ्घर्षको अध्याय : हो चि मिन्ह र अफ्रिका – १

✍ हौसला



सन् १९२० को दशकको अघिल्तिर नै भियतनामसँगै विश्वका अधिकांश औपनिवेशिक र आश्रित देशहरूलाई दासताको कालरात्रीले छोपिसकेको थियो । त्यही समय भियतनामी कम्युनिस्ट नेता न्गुयेन आई कु (Nguyen Ai Quoc) अर्थात् हो चि मिन्ह देशको स्वतन्त्रताका निम्ति थुप्रै देशहरूमा जानुभयो । फ्रान्स, युरोपेली देशहरू, पश्चिमी विकसित र सभ्य भनिएका देशहरू पोर्चुगल, अल्जेरिया, ट्युनिसिया हुँदै थुप्रै अफ्रिकी देशहरू पुग्नुभयो तर नेता होले कहिल्यै पुँजीवादी विचार, सामन्तवादी सोचबाट प्रभावित भियतनामका बुद्धिजीविहरूको समर्थन गर्नुभएन । समाजको हुनेखाने वर्गको पक्षमा उभिनुभएन । उहाँ युरोप वा अफ्रिका, अमेरिका या एसिया जता पुगे पनि कामगरी खाने वर्ग र परिश्रमी जनताको माझमा बस्नुभयो । श्रमजीवी जनताको जीवन बाँच्ने र तीनको जीवन एवम् आकाङ्क्षाको मिहीन अध्ययन गर्न नेता हो सिपालु हुनुहुन्थ्यो ।


अन्तर्राष्ट्रिय कामदार वर्गीय आन्दोलनको सुरुआती चरणहरूमै उहाँ विश्वमा पुँजीवादको अन्याय र अत्याचारको प्रत्यक्षदर्शी बन्नुभयो । कामदार जनताको दु:ख र पीडाले उहाँलाई आहत बनायो । अफ्रिकी उपनिवेशहरूमा कामदार जनतामाथि दुर्व्यवहार, अमानवीय शोषण, मुटु कमाउने दृश्यहरूको प्रत्यक्षदर्शी हुनुभयो । फ्रान्सेली मालिकहरूको आदेशमा अफ्रिकी जनतालाई डाकर बन्दरगाहको भयानक पानीमा डुबाउँदै गरेको दृश्यले आफ्नो देशवासीलाई फ्रान्सेली उपनिवेशवादीहरूले फान रङ बन्दरगाहमा डुबाएर सासना दिएका, हत्या गरेका घटना स्मरण गर्दै नेता होले भन्नुभयो- “दासहरूको जीवन पहेँला र काला जातिका मानिसहरूको जीवन उपल्लो शासकहरूको निम्ति अर्थहीन र मूल्यहीन हुन्छ ।”

पहिलो विश्वयुद्धपश्चात् सन् १९१९ मा विजयी साम्राज्यवादी देशहरू भर्सिलिजमा भेला भए र संसारमा सैन्य विस्तारको रणनीति बनाए । भर्सिलिज सहरमा भएको सो शान्ति सम्मेलनमा भियतनामबाट नेता हो पुग्नुभयो । उहाँले भियतनामी जनताको स्वतन्त्रता, प्रजातन्त्र, समानताको पक्षमा आवाज उठाउनुभयो । देशको राष्ट्रिय आत्मनिर्णयको अधिकारको वकालत गर्नुभयो । भियतनामी जनताको मुक्तिको निम्ति साथै भियतनामको स्वतन्त्रताको निम्ति उहाँले ८ बुँदे सर्त अगाडि सार्नुभयो । तर, साम्राज्यवादीहरूको एकताले नेता होको आवाज दबाइयो । त्यही समयबाटै उहाँ एउटा निष्कर्षमा पुग्नुभयो कि शोषणबाट मुक्त हुन र साँचो स्वतन्त्रता प्राप्तिका निम्ति आफ्नै शक्ति हुनुपर्छ अर्थात् जनतालाई क्रान्तिको लागि तयार पार्नुपर्छ । सम्मेलनमा संरा अमेरिकाका राष्ट्रपति विल्सनले १४ बुँदे कार्यक्रम प्रस्तुत गरेका थिए जसमा राष्ट्रिय आत्मनिर्माणको कुरा उल्लेख थियो तर प्रतिबद्धता थिएन । अन्य साम्राज्यवादी देशहरूसँग प्रतिस्पर्धा गर्न जनतालाई आकर्षित गर्न विल्सनले कार्यक्रम प्रस्तुत गरेको बुझिन्छ । नेता हो उक्त विल्सन दस्ताबेजलाई छलको ठेली भन्नुहुन्छ । त्यहीबाट नेता हो विश्वमा उपनिवेशवादविरुद्ध अझ सशक्त ढङ्गमा उत्रनुभयो । विश्व सर्वहारावर्गको मुक्तिका लागि आवश्यक अवस्था राष्ट्रिय स्वतन्त्रता हो र यी दुबै अवस्थाले विश्वमा क्रान्ति सफल बनाई साम्यवादसम्म पुग्न सकिन्छ भन्ने सन्देश नेता होले दिनुभयो ।

सन् १९२० मा फ्रान्सेली समाजवादी पार्टीभित्र (हो सन् १९१७ मा ब्रिटेनबाट फ्रान्स फर्किसकेपछि फ्रान्सेली समाजवादी पार्टीमा प्रवेश गरेको) दोस्रो अन्तर्राष्ट्रिय (संशोधनवादी र अराजकतावादीहरूको अन्तर्राष्ट्रिय) या तेस्रो अन्तर्राष्ट्रिय (कम्युनिस्ट अन्तर्राष्ट्रिय) भन्ने विषयमा बहस चलिरहँदा नेता होले राष्ट्रिय र औपनिवेशिक प्रश्नमा लेनिनको विचार पढ्नुभयो । उक्त दस्ताबेजमा लेनिनले दोस्रो अन्तर्राष्ट्रियका नेताहरूको वैचारिक स्खलन र विरामहरूको आलोचना गर्नुभयो । उहाँले अहङ्कारवाद, सङ्कुचित राष्ट्रवाद र स्वार्थी प्रवृत्तिको कडा विरोध गर्नुभयो । कम्युनिस्ट पार्टीले औपनिवेशिक तथा निर्भर देशहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिका लागि सशक्त भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । साझा शत्रु साम्राज्यवाद र सामन्तवादविरुद्धको सङ्घर्षमा सम्पूर्ण देशका कामदार जनतालाई एक बनाउनुपर्नेमा विशेष जोड दिनुभयो । त्यतिमात्र होइन पुँजीवादी देशकै शोषित जनतालाई व्यवस्थाविरुद्ध जागी उठ्न सघाउनुपर्नेमा विशेष जोड दिनुभयो । लेनिनको यही विचारबाट नेता हो प्रभावित हुनुभयो । हो भन्नुहुन्छ - ‘लेनिनको विचारले मेरो भावना, ऊर्जा, ज्ञान, प्रतिबद्धता अझ बलियो बनायो ।” लेनिनले भन्नुभएको थियो- “युरोपेली देशहरूमा समाजवादी क्रान्तिका निम्ति पहिले उपनिवेशहरूको स्वतन्त्रता र मुक्तिलाई प्राथमिकतामा राखिनुपर्छ र त्यसबाट साम्राज्यवादी देशहरू कमजोर बन्छन् । अनि समाजवादी क्रान्ति पनि विजयमा टुङ्गिन्छ ।” लेनिनको उपनिवेशलाई स्वतन्त्र गर्ने नीति या विचारबाट नेता हो प्रभावित हुनुभयो र आफ्ना जनतालाई लेनिनवादी हुनुको गौरव यसरी सुनाउनुभयो- “शोषित जनता हामीलाई आवश्यक मुक्तिको बाटो हामीले पायौँ । त्यसकारण, नेता होले तेस्रो अन्तर्राष्ट्रियको पक्षमा मत राख्नुभएको हो र फ्रान्सेली कम्युनिस्ट पार्टी स्थापनामा सहभागी हुनुभयो । यो घटना होको जीवनमा एउटा महत्त्वपूर्ण मोड साबित भयो । होले देशभक्तिको बाटो हुँदै साम्यवादलाई उद्देश्य बनाउनुभयो । उहाँ भियतनामकै पहिलो कम्युनिस्ट बन्नुभयो । भियतनामी क्रान्तिको इतिहासमा पनि एउटा महत्त्वपूर्ण मोड बन्यो । राष्ट्रिय सङ्घर्ष र सर्वहारा अन्तर्राष्ट्रवादसहितको देशभक्तिपूर्ण आन्दोलनको संयुक्त रूप बोकी भियतनाममा वर्गसङ्घर्ष अगाडि बढ्यो ।




कम्युनिस्ट अन्तर्राष्ट्रिय राष्ट्रिय तथा औपनिवेशिक प्रश्नमा लेनिनको विचारको प्रकाशमा सन् १९२१ मा नेता होले अल्जेरिया, ट्युनिसिया, मोरोक्को, माडागास्कर आदि देशबाट अफ्रिकी साथीहरू मिलेर पेरिसमा अन्तर उपनिवेश देशबिच एकता स्थापना गर्नुभयो । त्यसमा सय जना सदस्य थिए । ती सबै औपनिवेशिक देशका देशभक्त थिए । तीनको साझा उद्देश्य देशको स्वतन्त्रता र उपनिवेशवादको अन्त्य नै थियो । यद्यपि, ती सबै फरक धार्मिक आस्था, राजनीतिक विचार र फरक जातका थिए । त्यो सङ्गठन सन् १९२६ सम्म सक्रिय थियो । त्यो सङ्गठनले विशेषत: फ्रान्सेली औपनिवेशिक देशका जनता र फ्रान्सेली कामदार जनताबिच सङ्घर्षशील ऐक्यबद्धताका निम्ति योगदान गऱ्यो । पेरिसबाटै नेता होले विश्वका चार कुनामा क्रान्तिको बीउ रोप्नुभयो । सन् १९२२ तिर कामदार जनतालाई सङ्गठित बनाउन, औपनिवेशिक देशहरूमा क्रान्तिकारी आन्दोलन र प्रचारात्मक गतिविधिको सन्देश प्रवाह गर्न ‘ले पारिया’ (Le Paria) नामक पत्रिकामा सम्पादक र व्यस्थापक बनी प्रकाशन गर्नुभयो । पत्रिकामा उहाँले सम्पादकीय, टिप्पणी, लेख, छोटा कथाहरू नियमित लेख्नुभयो । विशेषत: औपनिवेशिक देशका जनताको वास्तविकता उजागर गर्न थाल्नुभयो । मुख्य हिन्द चिनी र अफ्रिकी देशहरूको अवस्था तथ्य तथ्याङ्कसहित, अस्वीकार गर्न नसकिने प्रमाणसहित लेख्नुभयो । फ्रान्सेली साम्राज्यवाद र समग्र साम्राज्यवादी देशहरूले आफ्नो साम्राज्य विस्तारको निम्ति चलाएको तथाकथित सभ्यता अभियान (Civilizing Mission) को विरोध गर्नुभयो । उहाँको तीखो कलमले फ्रान्सेली साम्राज्यवादको पाखण्ड बाहिरियो । सभ्यता सिकाउने भन्दै सभ्य संस्कृति हुर्काउने भन्दै कामदार वर्गीय जनतामाथि साम्राज्यवादले गरिरहेको अमानवीय दमनविरुद्ध नेता होले निरन्तर लेख्नुभयो । साहित्यमार्फत पनि अन्यायको विरोध र न्यायका निम्ति लड्नुभयो । साम्राज्यवादीहरूको सभ्यता अभियानलाई उहाँले असासिनाइटिङ इन्टरप्राइजेज अर्थात् हत्याको उद्योगको संज्ञा दिनुभयो । आक्रामक साम्राज्यवादविरुद्ध कामदार जनता घृणालाई स्वतन्त्रता आन्दोलनको ऊर्जा बनाउन अहोरात्र मेहेनत गर्नुभयो । विशेषत: अफ्रिकी जनतामाथि उहाँको ठुलो विश्वास र आशा थियो । सन् १९२३ देखि १९२५ सम्म फ्रान्सकै विभिन्न पत्रिका, बुलेटिन र सोभियत सङ्घलगायत अन्तर्राष्ट्रिय दबुहरूमा उहाँको तीखो कलमको चमत्कार देखियो । सदा औपनिवेशिक प्रश्न र राष्ट्रिय स्वतन्त्रता आन्दोलनको विषयमा चिन्तन गरिरहने होले पाँचौँ कम्युनिस्ट अन्तर्राष्ट्रिय सम्मेलनमा कम्युनिस्ट पार्टीको दायित्वबारे प्रस्ट्याउनुभयो । धेरै पार्टीहरूले औपनिवेशिक देशहरूको स्वतन्त्रताको पक्ष नलिएको र तीनका कार्यक्रमहरू लेनिनको विचारविरुद्ध केन्द्रित रहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।




लेनिनका अनुसार- “पश्चिमी युरोपमा क्रान्तिको सफलता दास बनाइएका र उपनिवेश गरिएका देशहरूमा स्वतन्त्रता र साम्राज्यवादविरोधी आन्दोलनसँग जोडिएको छ । राष्ट्रिय सवाल पनि सर्वहारा वर्गीय क्रान्तिको एउटा हिस्सा हो भन्ने सिकाउनुभयो । नेता होले लेनिनको विचार निरन्तर प्रचार गर्नुभयो । नेता हो भन्नुहुन्थ्यो - “विश्व सर्वहारावर्गको नियति धेरै हदसम्म उपनिवेशहरूसँग जोडिएको हुन्छ । ती उपनिवेशहरूबाटै ठूला साम्राज्यवादी शक्तिले सस्तो जनशक्ति र खाना प्राप्त गर्छ । त्यसकारण, साम्राज्यवादी शक्तिलाई कमजोर बनाउनु छ भने उपनिवेश बनाइएका देशहरू स्वतन्त्र बन्न जरुरी छ । साम्राज्यवादी शासनमा भियतनाम र अफ्रिकी देशहरूका जनतालाई अत्यन्त अमानवीय तरिकाले दबाउने र शोषण गर्ने काम भएको नेता हो स्मरण गर्नुहुन्छ । भियतनाम र थुप्रै अफ्रिकी देशहरूमा अन्यायपूर्ण एवम् निर्मम नरसंहार पनि गरिएको थियो । नेता हो उपनिवेशवादी देश फ्रान्सका कामदार जनता हाम्रा मित्र हुन् । हाम्रो साझा शत्रु अन्तर्राष्ट्रिय साम्राज्यवाद नै हो भन्नुहुन्थ्यो । हो जोड दिनुहुन्छ - “पुँजीवाद दुईमुखी चुसकले आफ्नै देशका कामदार जनताको रगत पसिना चुस्छ । यदि कसैले जुकालाई खत्तम गर्न चाहेमा दुबै चुसकहरू काटेर फाल्नुपर्छ । एउटा मात्र चुसक काटियो भने अर्को चुसकबाट सर्वहारा र कामदार जनताको पनि रगत चुस्न बन्द हुँदैन बरु जुकाको अर्को चुसक पनि पुन: पलाउँछ ।” यसरी नेता होले औपनिवेशिक देशको स्वतन्त्रता आन्दोलन र सर्वहारा क्रान्तिबिचको अन्तरसम्बन्ध प्रस्ट्याउनुभयो । ‘सम्पूर्ण देशका सर्वहारावर्ग एक होऔँ’ भन्ने नारा लगाइयो । दोस्रो विश्वयुद्धपछि रुसी अक्टोबर क्रान्तिको प्रभावले अफ्रिकी देशहरूमा राष्ट्रिय स्वतन्त्रता आन्दोलन द्रुतगतिमा अगाडि बढ्यो र अफ्रिकी महाद्वीपमै उल्लेख्य परिवर्तन ल्यायो । विशेषत: एसियामा सन् १९४५ का भियतनामी क्रान्ति र ल्याटिन अमेरिकामा क्युवाली क्रान्तिले केही अफ्रिकी देशहरूलाई स्वतन्त्रता आन्दोलन उठाउन ऊर्जा प्राप्त भयो । लेनिनको विचारअनुसार देशको स्वतन्त्रता आन्दोलन समाजवादी क्रान्तिको सानो हिस्सा मात्रै हो । त्यसकारण हो भन्नुहुन्छ - “समाजवादले मात्रै सम्पूर्ण मुक्त र स्वतन्त्र हुन सक्दछ ।”

आज पनि थुप्रै अफ्रिकी देशहरूमा प्रत्यक्ष परोक्ष औपनिवेशिक शासन कायम छ । एसिया, ल्याटिन अमेरिका र अफ्रिकी देशहरूमा स्वतन्त्रता आन्दोलनसँगै समाजवादी आन्दोलन उठ्न थालेपछि साम्राज्यवादीहरूले नवउपनिवेशवादी नीति अगाडि बढाएका थिए । आर्थिक सहायता, अनुदान र सहकार्यको नाममा साम्राज्यवादी तथा उपनिवेशवादी देशहरू जनताको आन्दोलन दबाउन उद्यत बने । अफ्रिकी देशहरू समाजवादी आन्दोलनका निम्ति उर्वर बन्दै गरेको देखेर संरा अमेरिकी साम्राज्यवाद र पश्चिमा उपनिवेशवादले ‘गुलियो पोतिएको विष’ निर्यात गर्ने नीति लिए । अफ्रिकाको विकास, स्वतन्त्रता, शान्ति र प्रगति साम्राज्यवादी एवम् प्रतिक्रियावादी शक्तिको हातमा लिने प्रयास रोकिएन । इथियोपिया, गिनी बेनीनमा हस्तक्षेप र जनगणतन्त्र कङ्गोका राष्ट्रपति एन.एन. ग्वाबी (N.N. guabi) को हत्या, अङ्गोला, मोजाम्बिक, जाम्बिया र बोटस्वाना र अफ्रिकी महादेशमा प्रगतिशील सरकार ढाल्ने उद्देश्यसहित भएका अन्य घृणित गतिविधिले त्यही देखाउँछ ।

# रुस–युक्रेनबिच युद्धबन्दी साटासाट




युक्रेन र बेलारुसको सिमानामा रुस र युक्रेनबिचको युद्धबन्दी साटासाटपछि रुसी झन्डा फहराउँदै रुसी सेनाका मुक्त सदस्यहरू

किएभ, १५ मे (एएफपी)। रुस र युक्रेनले शुक्रबार २०५-२०५ जना युद्धबन्दी आदानप्रदान गरेका छन्। लामो समयदेखि जारी युद्धबिच कैदी साटासाटलाई दुवै पक्षबिच बाँकी रहेका सीमित मानवीय सहकार्यहरूमध्ये एक मानिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक साताअघि ठुलो स्तरको युद्धबन्दी आदानप्रदानको घोषणा गरेपछि भएको यो पहिलो चरणको विनिमय हो।

रूसी रक्षा मन्त्रालयले सामाजिक सञ्जालमार्फत जारी गरेको वक्तव्यमा २०५ जना रूसी सैनिकहरू युक्रेनको नियन्त्रणमा रहेको क्षेत्रबाट फर्काइएको जनाएको छ। त्यसको बदलामा २०५ जना युक्रेनी युद्धबन्दीलाई रुसले हस्तान्तरण गरेको मन्त्रालयले उल्लेख गरेको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले पनि युद्धबन्दी फिर्ता भएको पुष्टि गर्दै अधिकांश युक्रेनी सैनिक सन् २०२२ देखि रुसी नियन्त्रणमा रहेको बताउनुभयो। उहाँले यो आदानप्रदान 'एक हजार-एक हजार' कैदी साटासाट योजनाको पहिलो चरण भएको जानकारी दिनुभयो।

त्यतिबेला रुसको मे ९ विजय दिवस परेडसँग जोडिएको तीनदिने युद्धविरामका लागि अमेरिकी मध्यस्थताको पनि उल्लेख गरिएको थियो।

तर, दुवै पक्षले युद्धविराम उल्लङ्घन गरेको आरोप एकअर्कामाथि लगाइरहेका छन्। युक्रेनले युद्धविरामको अवधि समाप्त भएपछि रुसले पुनः नागरिक क्षेत्रमाथि आक्रमण गरेको दाबी गरेको छ। बिहीबार किएभमा भएको हवाई आक्रमणमा कम्तीमा २४ जनाको मृत्यु भएको युक्रेनी अधिकारीहरूले बताएका छन्।

फेब्रुअरी २०२२ मा रुसले युक्रेनमाथि सैन्य आक्रमण सुरु गरेपछि दुई देशबिचको सम्बन्ध अत्यन्त तनावपूर्ण बनेको छ। युद्ध जारी रहे पनि युद्धबन्दी आदानप्रदान भने दुवै पक्षबिच कायम रहेको दुर्लभ सहकार्यको माध्यम बनेको छ।

रूसी रक्षा मन्त्रालयका अनुसार फिर्ता गरिएका रूसी सैनिकहरूलाई सहयोगी राष्ट्र बेलारुस लगिएको छ, जहाँ उनीहरूलाई मनोवैज्ञानिक तथा स्वास्थ्य उपचार उपलब्ध गराइँदैछ।

मन्त्रालयले संयुक्त अरब इमिरेट्सले युद्धबन्दी फिर्ता प्रक्रियामा मानवीय सहयोग उपलब्ध गराएको पनि जनाएको छ।

# पुटिनको चीन भ्रमणको तयारी अन्तिम चरणमा

मस्को (रुस), १५ मे (एएनआई)। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको आगामी चीन भ्रमणको तयारी लगभग सम्पन्न भएको र आधिकारिक मिति चाँडै घोषणा हुने अपेक्षा गरिएको रुसी समाचार एजेन्सी तासले क्रेमलिनलाई उद्धृत गर्दै जनाएको छ। पत्रकारहरूसँगको साक्षात्कारमा बोल्दै क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भ्रमणको तयारी अन्तिम चरणमा रहेको बताउनुभएको छ।

भ्रमणको मिति चाँडै घोषणा गर्ने बताउँदै उहाँले भ्रमणको तयारी भइरहेको यसलाई अन्तिम रूप दिने काम भइरहेको पेस्कोभले उल्लेख गर्नुभएको छ।

रुसी समाचार एजेन्सी तासका अनुसार पुटिनको आगामी चीन भ्रमणबारे गहन छलफल गरिएको छ।

यद्यपि, क्रेमलिनले पुटिनको भ्रमणको योजना र एजेन्डाको बारेमा थप विवरणहरू खुलासा गरेको छैन।

यस अघि, मे -९ मा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भारत, चीन र अमेरिकालाई युक्रेन द्वन्द्वमा परिस्थिति जन्य सूचना प्रस्तुत गर्नुभएको थियो। जसमा दोस्रो विश्वयुद्धको सम्झनामा किएभसँग तीन दिने युद्धविरामको लागि मार्गप्रशस्त गर्नुभएको थियो।

बिहीबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सम्मान गर्दै सीले राजकीय भोजको आयोजना गरेको र मेलमिलापको माध्यमबाट मन्वयात्मक रूपमा सँगै अगाडि बढ्न सक्ने प्रस्ताव गरेको जनाइएको छ।

पेइचिङमा रात्रि भोजको समयमा विश्वको दुई ठुला अर्थतन्त्रहरूबिचको सम्बन्धलाई आधुनिक युगको सबैभन्दा महत्त्वपूर्ण द्विपक्षीय सम्बन्धको रूपमा वर्णन गर्दै सीले दुवै राष्ट्रहरूले यसलाई कहिल्यै गडबडी गर्न नहुने चेतावनी जारी गरेको जनाइएको छ। चीन र संयुक्त राज्य अमेरिकाका जनताहरूलाई सम्झँदै सीले दुवै देशले एक - अर्कालाई सफल हुन र सम्पूर्ण विश्वको कल्याणलाई अगाडि बढाउन मद्दत गर्न सक्ने बताउनुभएको छ।

# कङ्गोमा फेरि फैलियो इबोला

किन्शासा, १५ मे (एपी)। कङ्गोको दुर्गम इटुरी प्रान्तमा नयाँ इबोला प्रकोप पुष्टि भएपछि अफ्रिकी स्वास्थ्य अधिकारीहरू उच्च सतर्कतामा पुगेका छन्। अफ्रिका सीडीसीका अनुसार हालसम्म २४६ वटा संदिग्ध सङ्क्रमण देखिएको छ भने कम्तीमा ६५ जनाको मृत्यु भइसकेको छ। सीमित स्वास्थ्य पहुँच, असुरक्षा र सीमापार आवागमनका कारण रोग अझ फैलिन सक्ने जोखिम बढेको भन्दै क्षेत्रीय समन्वय तीव्र पारिएको छ।

अफ्रिका सेन्टर्स फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (अफ्रिका सीडीसी) ले शुक्रबार जारी गरेको वक्तव्यमा अधिकांश मृत्यु तथा संदिग्ध सङ्क्रमण मोङ्गवालु र रुवाम्पारा स्वास्थ्य क्षेत्रमा फेला परेको जनाएको छ।

इबोला अत्यधिक सङ्क्रामक भाइरस हो। यो बान्ता, रगत, वीर्य वा अन्य शारीरिक तरल पदार्थमार्फत सर्न सक्छ। यसले गम्भीर र प्रायः ज्यानै जाने प्रकृतिको रोग निम्त्याउने भएकाले स्वास्थ्य अधिकारीहरूले यसलाई अत्यन्त संवेदनशील प्रकोपका रूपमा लिएका छन्।

एजेन्सीका अनुसार प्रयोगशालाबाट पुष्टि भएका बिरामीमध्ये चार जनाको मृत्यु भइसकेको छ। साथै इटुरी प्रान्तको राजधानी बुनियामा पनि केही संदिग्ध सङ्क्रमण देखिएको बताइएको छ, यद्यपि ती अझै पुष्टि हुन बाँकी छन्।

प्रारम्भिक परीक्षणका क्रममा जाँच गरिएका २० नमुनामध्ये १३ वटामा इबोला भाइरस पुष्टि भएको अफ्रिका सीडीसीले जनाएको छ।

यो प्रकोप कङ्गोमा अघिल्लो इबोला महामारी अन्त्य भएको घोषणा गरिएको करिब पाँच महिनापछि देखिएको हो। त्यसअघिको प्रकोपमा ४३ जनाको मृत्यु भएको थियो।

इटुरी प्रान्त कङ्गोको पूर्वी दुर्गम क्षेत्रमा पर्छ, जहाँ सडक सञ्जाल कमजोर छ र राजधानी किन्शासाबाट एक हजार किलोमिटरभन्दा बढी दूरीमा रहेको छ। यातायात र स्वास्थ्य पूर्वाधार कमजोर भएकाले त्यहाँ रोग नियन्त्रण थप कठिन बन्ने चिन्ता व्यक्त गरिएको छ।

अफ्रिका सीडीसीले तीव्र जनसङ्ख्या आवागमन, मोङ्गवालु क्षेत्रमा हुने खानी गतिविधि, असुरक्षा अवस्था, सम्पर्कमा आएका व्यक्तिको पूर्ण सूची तयार गर्न नसकिएको अवस्था तथा नियन्त्रणसम्बन्धी चुनौतीहरूले रोग थप फैलिन सक्ने जोखिम बढाएको जनाएको छ।

युगान्डा र दक्षिण सुडानसँग प्रभावित क्षेत्रको भौगोलिक निकटताले सीमापार सङ्क्रमणको खतरा पनि बढाएको स्वास्थ्य अधिकारीहरूको भनाइ छ।

यसैकारण अफ्रिका सीडीसीले शुक्रबार कङ्गो, युगान्डा र दक्षिण सुडानका स्वास्थ्य अधिकारीहरूसँग संयुक्त राष्ट्रसङ्घीय निकाय र अन्य अन्तर्राष्ट्रिय साझेदारहरूलाई समेटेर उच्चस्तरीय समन्वय बैठक बोलाएको छ।

एजेन्सीका अनुसार बैठकमा तत्काल प्रतिकार्य योजना, सीमापार समन्वय, निगरानी, प्रयोगशाला सहयोग, सङ्क्रमण रोकथाम, जोखिम सञ्चार, सुरक्षित र सम्मानजनक अन्त्येष्टि तथा आवश्यक स्रोत परिचालनका विषयमा विशेष ध्यान केन्द्रित गरिनेछ।

सन् १९७६ मा पहिलोपटक इबोला पुष्टि भएयता कङ्गोमा यो १७ औँ प्रकोप हो। सन् २०१८ देखि २०२० सम्म पूर्वी कङ्गोमा फैलिएको इबोलाले एक हजारभन्दा बढी मानिसको ज्यान लिएको थियो।

त्यसभन्दा अघि सन् २०१४ देखि २०१६ सम्म पश्चिम अफ्रिकामा फैलिएको ठुलो इबोला महामारीमा ११ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो।

नयाँ प्रकोपले पहिले नै हिंसा र अस्थिरतासँग जुधिरहेको कङ्गोका लागि थप चुनौती सिर्जना गरेको छ। देशको पूर्वी क्षेत्रमा एम-२३ विद्रोही समूहसहित विभिन्न सशस्त्र समूह सक्रिय छन्। एम-२३ ले गत वर्षदेखि तीव्र आक्रमण गर्दै केही महत्त्वपूर्ण सहर कब्जा गरेको थियो।

विशेषगरी इटुरी क्षेत्रमा इस्लामिक स्टेटसँग सम्बन्धित मानिने एलाइड डेमोक्रेटिक फोर्स समूहको हिंसात्मक गतिविधिले पनि स्थानीय अवस्था असुरक्षित बनाएको छ। यस समूहको आक्रमणमा पूर्वी कङ्गोका विभिन्न क्षेत्रमा दर्जनौँ मानिस मारिइसकेका छन्।

अफ्रिकाको दोस्रो ठुलो भूभाग भएको कङ्गोले स्वास्थ्य सङ्कटका बेला बारम्बार रसद र पहुँचसम्बन्धी समस्या झेल्दै आएको छ। गत वर्षको तीनमहिने इबोला प्रकोपका क्रममा पनि विश्व स्वास्थ्य सङ्गठनले सीमित पहुँच र अपर्याप्त बजेटका कारण खोप वितरणमा गम्भीर कठिनाइ सामना गर्नुपरेको थियो।

## विश्व सङ्क्षेप

### इरानको १४ बुँदे शान्ति प्रस्ताव अमेरिकाद्वारा अस्वीकार : रिपोर्ट

तेहरान, १५ मे (सिन्ह्वा)। संयुक्त राज्य अमेरिकाले युद्ध अन्त्य गर्ने इरानको १४ बुदे शान्ति प्रस्तावलाई अस्वीकार गरेको इरानी दैनिक अखबार तेहरान टाइम्सले शुक्रबार रिपोर्ट गरेको छ।

इरानले दुई चरणको वार्ता प्रक्रियाको प्रस्तावसहित उक्त प्रस्ताव पेस गरेका तेहरान टाइम्सले जनाएको छ।

प्रस्ताव अनुसार पहिलो चरणको लक्ष्य युद्धको अन्त्य गर्नु हो भने इरानका सर्तहरू पूरा भए पछि आणविक मुद्दासम्बन्धी दोस्रो चरणको वार्ता सुरु हुनेछ।

यस महिनाको सुरुमा, इरानले संयुक्त राज्य अमेरिकामा १४ बुँदे प्रस्ताव पेस गर्दै शत्रुता अन्त्य र आफ्नो क्षेत्रबाट अमेरिकी सेनाको पूर्ण निकासीको आह्वान गरेको थियो।

यो प्रस्ताव अमेरिकी प्रस्तावको जवाफमा पाकिस्तानी मध्यस्थतामार्फत प्रदान गरिएको थियो।

यसअघि वासिङ्टनको योजनाले दुई महिनाको युद्धविरामको आह्वान गर्दा, तेहरानले युद्धविरामको सट्टा 'युद्धको अन्त्य' मा केन्द्रित हुँदै ३० दिनको समयसीमा अनुरोध गरेको थियो।

### पाकिस्तानमा भएको आक्रमणमा नौ जनाको मृत्यु २१ घाइते

इस्लामावाद, (पाकिस्तान), १५ मे (सिन्ह्वा)। पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तको स्काउट्स क्याम्पमा भएको आत्मघाती आक्रमणमा नौ जना सुरक्षाकर्मीको मृत्यु, हुनुका साथै २१ जना घाइते भएको जनाइएको छ। बिहीबार राति पाकिस्तानको उत्तरपश्चिमी प्रान्त खैबर पख्तुनख्वामा आत्मघाती बमले भरिएको गाडीमा ठोक्किएर विस्फोट भएपछि सुरक्षाकर्मीको मृत्यु भएको र प्रहरीले जनाएको छ।

बजौर जिल्लाको स्काउट्सको मुख्यालयमा स्थानीय समयअनुसार वेलुका ७:५५ मा विस्फोट भएको स्रोतहरूले नाम न छाप्ने सर्तमा बताएको सिन्ह्वाले जनाएको छ। स्रोतहरूबाट प्राप्त प्रारम्भिक जानकारीका अनुसार, विस्फोटक पदार्थले भरिएको गाडी स्काउट परिसरको मुख्य गेटमा पुग्दा सुरक्षाकर्मीहरूले यसलाई रोक्ने प्रयास गरेपछि गेट र वरपरका पर्खालहरूलाई क्षति पुग्ने गरी विस्फोट भएको जनाइएको छ।

विस्फोटपछि, भारी हतियारधारी आतङ्ककारीहरूले गोलाबारी गर्दा मुख्यालयभित्र तैनाथ सुरक्षा बलहरूसँग गोलीबारी सुरु भएको स्रोतले जनाएका छन्। गोलीबारी कम भएपछि परिसरभित्र उद्धार र निकासी कार्य सुरु गरिएको जनाउँदै अधिकारीहरूले मृतक तथा घाइतेहरूको पहिचान गर्ने प्रक्रिया जारी रहेको बताएका छन्। गोली हानाहानको क्रममा धेरै आतङ्कवादीहरू पनि मारिएको स्रोतहरूले बताएका छन्।

सुरक्षा बलले यस क्षेत्रमा अपरेसन जारी राखेको कारण क्षतिको प्रकृति र सीमाको अझै पनि मूल्याङ्कन भइरहेको जनाइएको छ। घाइते सैनिकलाई उपचारको लागि नजिकैको अस्पतालमा लगिएको जनाइएको छ भने अहिलेसम्म कुनै समूहले आक्रमणको जिम्मेवारी लिएको छैन।

# अडानी अमेरिकी जरिवानामा सहमत

नयाँदिल्ली, १५ मे (एएफपी)। भारतीय अर्बपति उद्योगपति गौतम अडानीले अमेरिकामा लगाइएको भ्रष्टाचारसम्बन्धी दीवानी मुद्दा समाधान गर्न करोडौँ डलर जरिवाना तिर्न सहमति जनाएका छन्। अमेरिकी अदालतमा चलिरहेको बहुचर्चित मुद्दामा दोष स्वीकार नगरी गरिएको यो सहमतिलाई अडानी समूहमाथि लामो समयदेखि लाग्दै आएका वित्तीय तथा कानुनी विवादहरूको महत्त्वपूर्ण मोडका रूपमा हेरिएको छ।

न्युयोर्कमा सन् २०२४ को नोभेम्बरमा दर्ता गरिएको अभियोगमा अडानी र उनका केही निकट सहयोगीमाथि अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई जानाजानी भ्रममा पारेको आरोप लगाइएको थियो। अमेरिकी अभियोजकहरूले ठुलो परिमाणको घुसखोरी योजनामार्फत सौर्य ऊर्जा आपूर्ति सम्झौता हासिल गर्न भारतीय अधिकारीहरूलाई प्रभावित पार्ने प्रयास गरिएको दाबी गरेका थिए।

अभियोगअनुसार अडानीमाथि करिब २५ करोड अमेरिकी डलर बराबरको घुस योजनामा संलग्न रहेको आरोप थियो। उक्त योजनामार्फत आकर्षक ऊर्जा सम्झौता सुरक्षित गर्न खोजिएको अमेरिकी पक्षको दाबी थियो।

अडानी ग्रीन एनर्जीले मुम्बई स्टक एक्सचेन्जलाई पठाएको पत्रअनुसार गौतम अडानी र उनका भतिजा सागर अडानीले संयुक्त रूपमा एक करोड ८० लाख अमेरिकी डलर बराबरको 'नागरिक जरिवाना' तिर्न सहमति जनाएका छन्। कम्पनीले यो सहमति 'आरोप स्वीकार वा अस्वीकार नगरी' भएको स्पष्ट पारेको छ।

पत्रमा अडानी ग्रीन एनर्जी स्वयं यो मुद्दाको प्रत्यक्ष पक्ष नभएको र कम्पनीविरुद्ध कुनै औपचारिक आरोप नलगाइएको पनि उल्लेख गरिएको छ। साथै अमेरिकी अदालतको अन्तिम आदेश आउन बाँकी रहेको जानकारी दिइएको छ।

यसैबिच अमेरिकी अभियोजकहरूले अडानीविरुद्ध लगाइएका केही आरोपहरू फिर्ता लिने तयारी गरेको समाचार द न्युयोर्क टाइम्सले बिहीबार सार्वजनिक गरेको थियो। उक्त रिपोर्टअनुसार अडानीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका निजी वकिलमध्ये एक रोबर्ट गिफ्राको नेतृत्वमा नयाँ कानुनी टोली नियुक्त गरेपछि घटनाक्रमले नयाँ मोड लिएको हो।

हास्यव्यङ्ग्य

# खाने जाँगर

✍ इकुश्रे

संसार विचित्रको छ, तर त्योभन्दा विचित्र त यो मान्छेको जात छ । मान्छे सधैँ अरुकै कुरा काट्नमा व्यस्त, अरुकै खोजीमा मस्त र अरुकै भरमा स्वस्थ रहन चाहने एक अनौठो प्राणी हो । आफ्ना आँखाले संसार नियाल्छ तर आफ्नै अनुहार हेर्न ऐना नै चाहिन्छ । आफ्नो भित्रको रित्तोपन नदेख्ने तर अरुको भकारीको प्वाल फेला पार्ने यो 'बहुर्मुखी' स्वभावले गर्दा नै होला, आज मलाई अचानक आफैँतिर फर्केर हेर्ने रहर जाग्यो । जब मैले आफ्नै अस्तित्वको ढोका ढकढक्याएँ, तब थाहा भयो–म त केवल एक रित्त पात्र पो रहेछु ! न ममा सुर छ, न ममा ताल छ । न ममा नाच छ, न ममा चाल छ । न ममा ज्ञानको ज्योति छ, न त सत्कर्मको गति नै छ । म त केवल श्वास फेर्ने एउटा जिउँदो मेसिन पो रहेछु, जसको विशेषता भनेकै 'खाने जाँगर' हो ।

मलाई नाच्न आउँदैन, किनकि मेरा खुट्टाहरू धर्तीमा भन्दा बढी स्वार्थको हिलोमा थिचिएका छन् । मलाई गाउन आउँदैन, किनकि मेरो कण्ठबाट निस्कने ध्वनिमा राग होइन, राग-द्वेष र परनिन्दा मात्र भरिएका छन् । बोल्न त म पनि बोल्छु, तर मेरो बोलीमा न त महको मिठास छ, न त मन्त्रको पवित्रता । आजसम्म कसैले पनि "तपाईंको कुरा सुनिरहुँ जस्तो छ" भनेर प्रशंसाको एक शब्दसम्म खर्चेका छैनन् । यस्तो खस्रो र निरस बोलीलाई पनि के बोली भन्नु ? मुरलीको मधुर धुन निकाल्न त ओठमा कोमलता चाहिन्छ, तर मेरा ओठहरू त परनिन्दा र जिब्रालाई स्वाद मिलाइदिनका लागि मात्र अभ्यस्त छन् । अरूले कति राम्रो घिन्ताङघिन्तुङ मादल बजाउँछन् । ममा त्यो सीप पनि छैन । प्रस्टै भनौँ न, मलाई कुनै पनि बाजा बजाउन आउँदैन । म त स्वयं एउटा यस्तो बाजा भएछु जो बज्न भने हरक्षण तयार हुँदोरहेछ–त्यो पनि अरुकै तालमा ।

तर, यति धेरै 'छैन' हरूको भीडमा एउटा यस्तो कुरा फेला पर्‍यो, जसमा म 'महारथी' रहेछु । त्यो हो–खाने कला ! हो, ममा अरु केही गर्ने जाँगर नभए पनि खाने जाँगर भने अद्भूत छ । यो जाँगर यस्तो छ कि यसले न समय हेर्छ, न परिस्थिति । मेरो कला भनेकै खानु हो । सरकारको खाने, छिमेकीको खाने, साथीभाइको खाने, सकियो भने आफ्नै भविष्य पनि चपाएर खाने । यो 'खाने' शब्दभित्र कति गहिरो दर्शन लुकेको रहेछ भन्ने कुरा मैले आज बल्ल ठम्याउन सकेँ । खानु पेट भर्नु मात्र कहाँ हो र ? यो त एउटा वृत्ति हो, एउटा संस्कृति हो र आजको युगको त यो अनिवार्य विकृति पनि हो ।

हाम्रो इतिहास साक्षी छ, यहाँ जसले खान जान्यो, उसैले मान पायो । जो सोझाको श्रम र पसिना खान माहिर छ, उही समाजको 'चतुर' र 'सफल' पात्र कहलिन्छ । सरकारी अड्डाका कुर्सीहरू हेर्नुस् वा राजनीतिक मञ्चहरू–सर्वत्र खानेहरूकै रजगज छ । मौका पाए कसैले कमिसन खान्छन्, कसैले कसैको अधिकार खान्छन् । कसैले न्याय खान्छन् त कसैले देशै खाने दुष्प्रयास गर्छन् । यो सब देखेपछि मैले पनि त्यही 'खाउवादी' दर्शनलाई आफ्नो जीवनको मूल मन्त्र बनाएको छु । मेरो खाने शैलीमा एउटा गज्जबको हतारो छ । यदि खानमा एक पल मात्र ढिलो भयो भने मेरो अनुहारमा बाह्र हातको सुँडा पलाउँछ । केटाकेटीले झैँ जिद्दी गर्ने, रिसाउने र घुर्क्याउने मेरो यो बानी अझै गएको छैन । खान पाएपछि संसारै बिर्सने, नपाएपछि संसारै बिथोल्ने !

खानमा कतिसम्मको र कस्तो जाँगर हो यो ? अरुको भन्दा धेरै खानुपर्ने, अरुको भन्दा मीठो खानुपर्ने । यो होडबाजीमा मैले कहिल्यै अघाएको महसुस नै गरिनँ । पेट त भरिएला, तर यो तृष्णाको भकारी कहिल्यै भरिँदो रहेनछ । भोको पेटमा खानु त सबैको बाध्यता हो, तर अघाएको बेलामा पनि अरुको भाग खोसेर खानु मजस्ताको 'आधुनिक सभ्यता' को असली परिचय बनेको छ । साँच्चै नै मान्छे कतिसम्म निर्लज्ज छ भने, उसलाई आफ्नो भागको रोटीले पुग्दैन, उसलाई छिमेकीको थालको अचारमा पनि आफ्नै हक लाग्छ जस्तो लाग्छ । मेरो यो 'खाने जाँगर' ले मलाई श्रमबाट विमुख बनायो, पसिनाबाट टाढा राख्यो र केवल 'उपभोक्ता' मात्र बनाइदियो ।

मैले आज आफ्नै ऐनामा हेर्दा एउटा यस्तो मान्छे देखेँ, जो काम गर्न डराउँछ तर फल खान सधैँ अघि सर्छ । किताब पढ्ने जाँगर छैन, किनकि अक्षरहरूले सत्य बोल्छन् र मलाई सत्यसँग डर लाग्छ । कविता लेख्ने ढङ्ग छैन, किनकि कवितामा हृदय चाहिन्छ र मेरो हृदय त स्वाद र स्वार्थको बोसोले पुरिसकेको छ । भाषण गर्न आउँदैन, किनकि भाषणका लागि आदर्श चाहिन्छ र मेरो आदर्श नै 'अरुको भाग कसरी हडप्ने' भन्नेमा केन्द्रित छ । आकर्षक ढङ्गले पढ्ने कला पनि छैन, किनकि मेरा आँखा सधैँ अरुको थालमा कति छ भन्ने कुरामा मात्र टिकेका हुन्छन् । मेरो दृष्टि केवल 'दृष्टि' होइन, यो त एउटा 'जाँच' हो–कहाँ के पाकिरहेको छ र कसरी त्यहाँसम्म मेरो हात पुग्छ ?

पूर्वीय दर्शनले भन्छ–'सन्तोषम् परम सुखम्'। तर मेरो दर्शनले भन्छ–'भोजनम् परम पुरुषार्थम्'। अघाएको बेला पनि लोभले र्‍याल चुहाउनु, अरुको उन्नति देखेर ईर्ष्याको आगोमा भस्म हुनु र मौका मिल्नासाथ कसैको खुट्टा तान्नु–के यो पनि एक प्रकारको 'खुवाइ' होइन र ? हामी कसैको समय खान्छौँ, कसैको विश्वास खान्छौँ र अन्त्यमा पछि आफैँले आफैँलाई पश्चात्ताप र ग्लानिमा खान्छौँ । समाजका ठालुहरूलाई हेर्नुस्, उनीहरू 'समाजसेवा' को नाममा समाजकै जरा खान्छन् । अधिकांश युवा पुस्तालाई हेर्नुस् , उनीहरू माटो नछोइकन मजाले मोज गरेर खान चाहन्छन् । म पनि यो समाजको तिनकै एक प्रतिनिधि पात्र हुँ । मलाई परिश्रमको रोटीभन्दा आरामीको लड्डु र रसबरी बढी मीठो लाग्छ ।

यो 'खाने लत' यस्तो विषालु रहेछ कि यसले मान्छेलाई विवेकहीन र पुरुषार्थहीन बनाउँदो रहेछ । सोझै भन्नुपर्दा-मलाई काममा मन लगाउन 'कष्ट' लाग्छ, नाम कमाउनमा 'नष्ट' लाग्छ, तर माममा भने सधैँ 'मस्त' लाग्छ । मेरो यो जाँगरले मलाई सधैँ अरूप्रति निर्भर बनायो । अरुले काम गरिदिऊन् र म त्यसको सुख भोग्न पाऊँ भन्ने मेरो यो परजीवी सोच कति घातक छ ! म त एउटा यस्तो 'पेट' भएँ, जसको कुनै हात छैन । हात छ त केवल मुखसम्म पुग्नका लागि मात्र ।

अन्त्यमा, यो 'खाने जाँगर' वास्तवमा एक मानसिक रोग र सामाजिक कोढ हो । अरुको श्रममा रजाइँ गर्ने, आफ्नो क्षमताको विकास नगर्ने र उपभोगमा मात्र रमाउने प्रवृत्तिले मान्छेलाई भित्रभित्रै खोक्रो बनाउँछ । मलाई आज महसुस हुँदै छ–म त एउटा हिँडिरहेको 'पेट' मात्र पो रहेछु ! न ममा सिर्जनाको सुवास छ, न त सेवाको सन्तुष्टि । मसँग केवल एउटा भद्दा 'खाने कला' छ, जसले मलाई मान्छेबाट बिस्तारै एउटा स्वार्थी 'खन्चुवा' मा रूपान्तरण गर्दै छ ।

यदि समयमै यो 'खाने जाँगर' लाई 'गर्ने जाँगर' मा बदल्न सकिएन भने, यो अघाएको बेलाको अतृप्त खानपानले एक दिन मेरै अस्तित्वलाई निल्नेछ । शरीर अघाए पनि मन नअघाउने यो रोगले समाजलाई नै कङ्गाल बनाउनेछ । त्यसैले, अब अरुको खोजी होइन, आफ्नै पहिचानको खोजी गर्ने बेला आएको छ । अरुको भर होइन, आफ्नै भरमा उभिने बेला आएको छ । नत्र भने, भोलिको इतिहासले मलाई एउटा 'मान्छे' को रूपमा होइन, एउटा 'अघाएको तर अतृप्त पेट' को रूपमा मात्र सम्झिनेछ । त्यतिबेला मलाई म मात्र होइन, यो सारा सृष्टिले धिक्कार्दै सोध्नेछ–"के तिमीसँग खाने कलाबाहेक अरु कुनै परिचय छैन ? के तिम्रो जीवन अर्काको भाग खोसेर पेट भर्नकै लागि मात्र थियो ?" यो प्रश्नको उत्तर खोज्न अब मैले खाने जाँगर होइन, बाँच्ने र केही गर्ने नयाँ जाँगर पलाउनु पर्छ । नत्र मेरो जीवनको कथा केवल एउटा 'भोजन-कथा' मा सीमित हुनेछ ।

लघु कथा

# वर्ग

✍ गङ्गा

फरक-फरक विद्यालयमा कार्यरत तीन जना शिक्षकहरू तालिममा सहभागी हुन गएका थिए । उनीहरू तीनैजना बाहुन थिए । उनीहरू पहिला एउटै विद्यालयमा पढेका साथीहरू थिए । उनीहरूमध्ये पहिलो व्यक्तिवादी, दोस्रो प्रजातन्त्रवादी र तेस्रो समाजवादी विचारका शिक्षकहरू थिए । तालिम सकिएपछि उनी चिया पसलमा पसे । चियाको चुस्की लिएपछि प्रजातन्त्रवादी शिक्षकले भने, "आहा ! चिया त कति मीठो र स्वादिलो छ । हेर्नुस्, यही स्वादले गर्दा बाहुनहरू खाने ठाउँमा दुई कदम अगाडि हुन्छन् तर लडाइँमा भने दुई कदम पछाडि हुन्छन् । त्यही भएर नेता, कर्मचारीहरू प्रजातन्त्रको मूल्यमान्यताअनुसार अगाडि नबढ्दा, आचरण नहुँदा देशमा भदौ २३ र २४ गते उपद्रव भयो । त्यसमा विदेशीले खेल्न अवसर पाए । त्यसैको परिणाम देशले भोग्दै छ । म त सबै ठाउँ सिस्टम, प्रजातन्त्रले चल्नुपर्छ भन्ने मान्छे हुँ । हामीले सिङ्गापुर देखेकै छौँ ।"

प्रजातन्त्रवादी शिक्षकको कुरा सुनेपछि व्यक्तिवादी शिक्षकले चियाको चुस्की लिँदै अलि रिसाएर भने, "सर, के कुरा गर्नुभएको ? आफू बाहुन भएर पनि त्यसो भन्ने हो ? त्यो तपाईंको विचार भयो । सिस्टम, प्रजातन्त्रको कुरा छोडिदेऔँ । पहिला आफूले के पाउँछ त्यसलाई हेर्नुपर्छ । आफूले पाउनुपर्ने कुरालाई प्राथमिकता दिनुपर्छ । तपाईंले के पाउनुहुन्छ त्यो मुख्य हुन्छ । नचाहिने कुरा गर्नुहुन्छ । संस्था र देशको कुरा गोली मार्नुस् । आफू भलो त जगत् भलो नि !"

दुवै शिक्षक साथीको विचार सुनेपछि समाजवादी पक्षधर शिक्षकले भने, "म त जगत् भलो त आफू भलो भन्ने विचारको मान्छे हुँ । म प्रजातन्त्रवादी शिक्षक साथीको विचारसँग नजिक छु । बाहुनहरूले चाहे देश बन्थ्यो तर आफूहरू मात्र बने । के गर्नु खाने ठाउँमा बाहुनहरू नै अगाडि छन् । देश बनाउने र जोगाउने ठाउँमा भने पछाडि नै छन् । त्यसो नभएको भए भदौ २३ र २४ गते देश जल्ने थिएन, जलाउन सक्ने थिएन । त्यो उपद्रव नै हुने थिएन । दलका नेता, सेना, प्रहरी, कर्मचारी आदि सत्ताको केन्द्रमा बाहुनहरू नै थिए । उनीहरू भ्रष्टाचारी, देशघाती, जमिनदार, शोषक, सामन्त भइदिँदा देशले त्यो दुर्गति भोग्नुपर्‍यो । तर, सबै बाहुन त्यस्ता हुँदैनन्, राम्रा र देशभक्त पनि छन् । बाहुन पनि शोषक र शोषित गरी दुई वर्गका हुन्छन् । बहुमत गरिब, शोषित बाहुन हलो जोतेर र भारी बोकेर गुजारा गरिरहेका छन् । समाजवादमा योग्यताअनुसारको काम, कामअनुसारको ज्याला पाउने हुँदा कोही बेरोजगार हुँदैनन्, शोषण हुँदैनन् । सबै समान हुन्छन् । चीन, उत्तर कोरिया, क्युवा आदिका उदाहरण  हाम्रो अगाडि छ ।"

चियाको चुस्की लिएपछि फेरि उनले गहन कुरा राखे, "हेर्नुस्, हिजो पञ्चायत कालमा हामी शिक्षकहरू यही समाजवादी विचार र आचरणका थियौँ । तर, देशमा प्रजातन्त्र आएपछि बारीमा साँढे पसेजस्तै विदेशी एनजीओ, आईएनजीओका बडेमान साँढेहरू पसे । परिणामतः शिक्षक, नेताहरूको जाज्वल्यमान त्यो समाजवादी विचार र आचरणमा स्खलन आयो । त्यसैले, पेसागत सङ्घ, संस्थामाथि सरकारले प्रतिबन्ध लगाउँदा, खारेज गर्दा पनि शिक्षक, दल, विद्यार्थी खासै बोल्न सकेनन् । अब हामी शिक्षक पनि सच्चिएर देश बनाउन र जोगाउन अगाडि बढ्नुपर्छ भन्दै चियाको पैसा दिएर तीनै जना शिक्षक त्यहाँबाट गए ।

लघु कथा

# अहम्ताको राज अन्त्य हुँदै छ

✍ साहिँला

दुईतिहाइ नजिकको सरकार
पुरानै पाराले अगाडि बढ्दै
अध्यादेशको सहाराले
निरङ्कुशताको जालो फिजाउँदै
बेसहारा सुकुमवासी पहिचान नगरी
हुकुमवासी त बुल्डोजरले देख्दैन
के अहम्ताको राज देखाउन खोज्दै छौ ?
हुकुमवासीहरूलाई
आफ्नै थातथलोमा फर्काइ देऊ
बस्तीबिच ठिङ्ग ठडिएको महल
बुल्डोजर मालिकको पर्‍यो कि ?
अध्यादेशबाट शासन चलाउने
के अहम्ताको राज देखाउन खोज्दै छौ ?
बालबच्चा पढ्ने विद्यालय खोइ ?
प्राण त्याग किन गर्नुपर्‍यो ?
ऐन नियम कहाँ छ ?
अपराधीलाई सजाय दिने निकाय खोइ ?
के अहम्ताको राज लाद्दै छौ ?
सरकारको त कालै चस्मा
सम्पदामा ठड्याएको महल देखेनौ कि ?
सार्वजनिक जग्गा निजी गरी
लालपुर्जा बनाउने सत्य थियो कि ?
ज्ञान सञ्चय भ्रष्टको नियती
सार्वजनिक सम्पत्ति खरानी पार्ने
महामानव पो ठान्यौ कि ?
जनमनले सम्पदा भुल्या छैन
भत्काइ देऊ त भ्रष्टहरूको महल
अलिकति नैतिकता छ भने
जनताको मनोभावना बुझिकन
भ्रष्टाचारको अन्त्य गर !
भिखले देश चल्दैन
अहम्ताको राज टिक्दैन ।
साम्राज्यवादी नङ्ग्राले चिथोर्न खोज्ने
अहम्ताको खानी लोभी ट्रम्प
जिउँदो मान्छेको फन्दामा परेपछि
होस गुमाएर बहुलाझैँ भएको छ
सबैले बुझ्नुपर्ने यही हो
संसारबाटै अहम्ताको राज अन्त्य हुँदै छ ।

# "हामी कम्युनिस्ट होइनौँ"

✍ विद्रोही राम

संसद्मा
सुकुमवासीको समस्या
चिच्याइरहेको थियो
"हामीलाई बास दे सरकार,
हामीलाई जमिन दे,
हामी काम गर्न चाहन्छौँ ।"

संसद्मा
राष्ट्रियता कराइरहेको थियो
"लिपुलेक, लिम्पियाधुरा हाम्रो हो,
फिर्ता गर सरकार !"

संसद्मा
रोग, भोक र शोक
बर्बराइरहेको थियो
"जवाफ दे सरकार,
यो देश हाम्रो पनि हो ।"

सरकारको जवाफ एउटै थियो
"माफ गर्नुहोला,
हामी कम्युनिस्ट होइनौँ,
दया लागे बेग्लै कुरा हो !"

वा रे वा...
बुझेँ सरकार, बुझेँ...
मैले त बुझेँ ।
प्रिय पाठक !
तिमीले के बुझ्यौ ?

# ए ! जल्लादहरू जवाफ दे ?

✍ युसुप दुवाल

न्याय गर्नेले नै
अन्याय रोजेपछि
न्याय हिजो पनि मरे
न्याय आज पनि मरे ।

न्यायले नै न्याय नदेखेपछि
न्यायको कठघरामा नै न्याय मरे
काकताली मात्रै होइन यो
भर्खरै मरेको कहाँ हो र !
यो त वर्षौं-वर्षदेखि रेट्दै आइरहेको
जल्लादहरूको नियमितता मात्रै हो
केको सुर्ता गर्छौ ?
मरे त मरे न्याय मरे !
हो ! जनता जहिल्यै मरे !!

आज किन बिलौना ?
तिमीले हिजो देखेको न्याय
त्यही न्याय आज कसरी देख्यौ अन्याय ?
ए ! जल्लादहरू !!
कुन औकातले शिर उठाइरहेछौ
किन दिउँसै बर्बराई रहेछौ
कृपया दिवास्वप्न देख्ने दुस्साहस नगरून्
आफ्नै खप्पर भारी हुने गरी ।

नदुखाउनु भो !
पर्दैन अति भो !
न्याय र अन्यायको यो लडाइँमा
मरे त मरे
हिजो पनि जनता मरे
आज पनि जनता मरे ।

हारे त हारे
हिजो पनि जनता हारे
आज पनि जनता हारे
व्यर्थमा यो केको बिलाप ?

ए ! जल्लादहरू !!
सक्छौ भन्ने दे !
जवाफ दे !!
दबाइएका न्यायका आवाजहरूको
एकमुष्ट लिखितम धनिका नाउँमा
अलिखित रक्ताम्य हिसाबसहित दे ?

# उँचो महल

✍ सृजना प्रजापति

त्यहाँ कुनै ऐना थिएन
जब, तिम्रो अनुहारको दाग देखाउन खोजेँ ।
त्यहाँ त्यो अदालतको न्यायाधीश थिएन
जब, सेक्सपियरको भेनिसको व्यापारी तिमीमा देखेँ ।
मेरो (शब्दहरू ननिस्के पनि) मन शान्त थिएन
जब, लुसुनको बिम्बका कुकुरले झैँ तिमीले मलाई झम्टियौ ।
त्यहाँ पोत्नलाई रङ्गहरू थिएन
जब, काला छायाका अमूर्त आकृति दिमागमा
सल्बलाइरहेका थिए ।
म झूटको दरबारमाथि थिइनँ,
जब, तिमी उचाइबाट मलाई पुकारिरहेका थियौ ।
यति हुँदा पनि सहेरै बाँच भन्छौ भने,
तिम्रो निर्णय हाँसेरै स्वीकार भन्छौ भने,
के फरक भयो ?
तिमी र त्यो श्रीपेच लगाउँनेहरूमा ?
उनीहरू श्रीपेच लगाउछन्,
र,
तिमी त्योभन्दा उँचो महलमा रमाउछौ ।

# दाफा : भक्तपुरको जीवित आत्मा

✍ सत्य सुवाल

जब साँझ पर्छ र तलेजुको घण्टाले आकाश चिर्छ,
भक्तपुरका गल्लीहरूमा मल्लकालीन गौरव फिर्छ ।
यो सहर इँटा र काठको थुप्रो मात्र होइन,
यो त 'जीवित सङ्ग्रहालय' हो, जहाँ इतिहास कहिल्यै मर्दैन ।
भजनको यात्रा 'द्यो ल्हाय्गु' को त्यो पवित्र रागबाट खुल्छ,
जसको पहिलो स्वरले नै फल्चामा साक्षात ईश्वरलाई डाक्छ ।
यो केवल गीत होइन, देउता जगाउने एउटा मन्त्र हो,
सङ्गीतमार्फत ब्रह्माण्ड छाम्ने, पुर्खाको अद्भूत तन्त्र हो ।
पोङाः को त्यो लामो र गम्भीर गुञ्जनले आकाश थर्काउँछ,
झ्यालीको छड्छड्ले मनभित्रको आलस्यलाई भगाउँछ ।
'तः' को स्थिर झङ्कार र 'खिं' को धप्धप जब एकैसाथ मिल्छ,
मानौँ, भक्तपुरको हरेक ढुङ्गामा, एउटा नयाँ प्राण खुल्छ ।
यहाँको सङ्गीत ऋतु फेरिएझैँ आफैँ फेरिने गर्छ,
मौसम र चाडपर्वअनुसार, हरेक रागको रूप फेरिन्छ ।
यही त हो पुर्खाको विज्ञान, यही हो प्रकृतिसँगको मेल,
जहाँ मानिसको मुड र प्रकृतिको तालको चल्छ सुन्दर खेल ।
तर जब सिथि नखः पछि भगस्तीको दिन आउँछ,
भक्तपुरको त्यो गुञ्जायमान स्वर, केही समय सुस्ताउँछ ।
'देउताहरू गुफा पसे' भन्दै तः र खिंलाई कोठामा थन्काइन्छ,
आस्था र अनुशासनको, एउटा गहिरो वैज्ञानिक घेरा बनाइन्छ ।
वर्षाको ओसमा बाजा बिग्रने पुर्खाको त्यो ठुलो ज्ञान,
अनि खेतीको बेला 'श्रम नै ईश्वर हो' भन्ने तार्किक ध्यान ।
माटोले आह्वान गर्दा, सङ्गीतलाई विश्राम दिनुपर्छ,
'मानो रोपी मुरी फलाउन', हिलोमा पसिना बगाउनुपर्छ ।
गथांमुगः सम्मको यो मौनता, एउटा गहिरो प्रतीक्षा हो,
प्रकृति र संस्कृति जोगाउने, मौलिक एउटा परीक्षा हो ।
जब फेरि बाजा ब्युँझिन्छन्, फल्चाहरू फेरि जाग्छन्,
अधुरो भजन बाहिर नसुनाउने, अनुशासनका दीप बाल्छन् ।
भजनको अन्त्यमा जब 'आरती' को दीप बल्छ,
अहङ्कार र द्वेष सबै, त्यो अग्निको ज्वालामा गल्छ ।
सबैले सबैलाई ढोग्दै, सद्भावको आशिष रोज्छन्,
दाफाकै स्वरभित्र मानिसहरू, आफ्नै अस्तित्व खोज्छन् ।
भक्तपुर बाँचेकै यसैमा छ, यसैमा यसको आत्मा छ,
पुर्खाको पसिना र देउताको आशिष, दाफाकै गीतमा छ ।

# नयाँ पुस्तालाई सामाजिक उत्तरदायित्वबोध गराउन नैतिक शिक्षा दिनुपर्ने




भक्तपुर, १ जेठ। भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा तुमचो दुगुरे आवास क्षेत्रमा अपराध न्यूनीकरण तथा सामाजिक सुरक्षा कायम गर्ने विषयमा स्थानीयवासीहरूसँग बिहीबार अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरी सम्पन्न भएको तुमचो दुगुरे चोखा आवास क्षेत्रमा बस्ती विस्तारसँगै लागूपदार्थ दुर्व्यसनी, चोरी, अपराधलगायतका गतिविधिहरू रोक्ने तथा त्यहाँका बासिन्दाहरूबिच आपसी सद्भाव कायम गर्न सघाउ पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको वडा कार्यालय स्रोतले जनाएको छ ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले तुमचो दुगुरे क्षेत्रमा सरकारी कार्यालय, विद्यालय कलेज र अस्पतालसमेत रहेको हुँदा स्थानीय बासिन्दा र विभिन्न उद्देश्यले अस्थायी बसोबास गर्न आएका जनताबिच आपसी सद्भाव कायम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नयाँ पुस्तालाई सामाजिक उत्तरदायित्वबोध गराउन नैतिक शिक्षा दिनुपर्ने आवश्यकता औँल्याउँदै कानुनले अपराध मानी निषेध गरिएका गतिविधिहरू नगर्न र नगराउन टोलवासीहरू सचेत हुनुपर्ने बताउनुभयो ।

जिल्ला प्रहरी कार्यालय भक्तपुरका प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले भक्तपुरमा रातको समयमा घरको मूल ढोकाको चुकुल चोरी गर्ने, बालबालिकाहरूलाई ललाइफकाइ सुनका गहना लुट्ने, सडकमा रहेका फलामका सामग्रीहरू चोर्ने तथा सडक दुर्घटनाहरूको सङ्ख्या बढिरहेको चर्चा गर्दै अपराधका घटनाहरूबारे समयमै सूचना दिन सबैमा अनुरोध गर्नुभयो । लागूपदार्थ दुर्व्यसनी, ग्याङ फाइट, देह व्यापारजस्ता घटनाको उजुरी पनि आइरहेको उल्लेख गर्दै उहाँले विद्यालयलक्षित सचेतना कार्यक्रम गर्नुपर्ने बताउनुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वले अपराधबाट समाजलाई सुरक्षित राख्न सडक बत्ती, ट्राफिक व्यवस्थापन र सीसी क्यामरा जडानलगायतका कार्यहरू गर्दै आएको बताउनुभयो ।

# 'अर्हत्' त्रैमासिकको अन्तरक्रिया आलोचनात्मक चेतनाको लागि बुद्ध दर्शन




भक्तपुर, १ जेठ। बौद्ध दर्शन अध्ययन, समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिकबारे ख्वपको पहिचान विषयका शिक्षकहरूमाझ आइतबार एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं प्राध्यापक समाज नेपालका अध्यक्ष सरोजराज गोसाईंले कुनै कुरालाई अन्धसमर्थन र अन्धविरोध नगरी आलोचनात्मक चेतनाको लागि बुद्ध दर्शन अगाडि आएको बताउनुभयो ।

लोभ, तृष्णा, द्वेष र पाप नगर्ने सर्वसाधारण जनता पनि रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "विश्व सर्वहारावर्गका नेता एवम् चिन्तक कार्ल मार्क्सले पुँजीवादी संस्कार, संस्कृति र उपभोक्तावादी सिद्धान्तले समाजमा दुःख देखिएको पत्ता लगाउनुभएको थियो ।"

निजी सम्पत्तिको विरोधमै बुद्ध दर्शन आएको कुरा 'सङ्घम् शरणम् गच्छामी' बाटै स्पष्ट हुन्छ भन्दै उहाँले बुद्धले अनुभव, व्यवहारिक शिक्षा, संवाद, क्रिया-प्रतिक्रियालाई जोड दिएको बताउनुभयो ।

समाजका सल्लाहकार रत्नसुन्दर शाक्यले पञ्चशील बौद्धहरूको मात्रै नभई समाजकै निम्ति आवश्यक भएको स्पष्ट पार्दै लोभ, मोह, द्वेषबाट मुक्त व्यक्ति नै 'अर्हत्' हो भन्नुभयो ।

उहाँले भक्तपुरमा भएको विभिन्न सम्पदाबारे जानकारी दिनुका साथै त्यसको महत्त्वबारे विद्यार्थीलाई शिक्षित गर्नु जरूरी छ भन्नुभयो ।

प्राध्यापक एवम् स्थानीय पाठ्यक्रम निर्माण दलका सदस्य सिद्धिरत्न शाक्यले 'अर्हत्' पत्रिका शिक्षामूलक लेखहरूको सँगालो भएकोले यसको निरन्तरताको कामना गर्दै यस पत्रिकाले स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापनलाई सघाएको उल्लेख गर्नुभयो ।

स्थानीय पाठ्यक्रम निर्माण दलका अर्का सदस्य एवं शारदा मा.वि.का प्रअ रोशनराज तुईंतुईंले बौद्ध शिक्षालाई धर्मको रूपमा नभई दर्शनको रूपमा 'अर्हत्' ले अङ्गीकार गरेको र भौतिकवादी दर्शनको रूपमा प्रस्तुत गर्नु समय सापेक्ष रहेको बताउनुभयो ।

सरोकारवालाहरूकै सुझावअनुसार सापेक्ष पाठ्यक्रम आचरण, शील, स्वभाव, नैतिक शिक्षासम्बन्धी युनिट थपिएको उहाँले जानकारी दिनुभयो ।

शिक्षक धनेशराज राजोपाध्यायले बौद्ध शिक्षाका विभिन्न पक्षहरूबारे चर्चा गर्नुभयो ।

समाजका अध्यक्ष चन्द्रबहादुर उलकको सभापतित्वमा भएको उक्त अन्तरक्रिया कार्यक्रममा समाजका सदस्यद्वय उद्धव सजुखु र कृष्णप्रसाद धन्छाले पनि 'अर्हत्' पत्रिकाको स्थानीय पाठ्यक्रमसँग अन्योन्याश्रित सम्बन्ध राख्दै आएको बताउनुभयो ।

स्मरणीय छ, भक्तपुर नगरपालिकाबाट तयार गरिएको स्थानीय पाठ्यक्रममा विशिष्ट व्यक्तित्त्वहरू, बौद्ध संस्थाका विभिन्न पक्ष, बहाबही, चैत्य, विहारको जानकारी, बौद्ध गरगहना, बौद्धसँग सम्बन्धित बाजा आदि समावेश गरिएको छ ।

चुडाकर्म, शुभ विवाह, भीमरथारोहण, मृत्यु संस्कार, गुँला पर्व, पञ्चदान, सम्यकदान, कठिन चिवर दान, दीपङ्कर बुद्ध, आदिपद्म महाविहार, अखण्डशीलविहार, मुनिविहार आदि पनि उल्लेख गरिएको छ ।

# नेक्राविसङ्घको एसईई उत्तीर्ण विद्यार्थीसँग अन्तरक्रिया




भक्तपुर, १ जेठ । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा २०८२ सालमा एसईई उत्तीर्ण विद्यार्थीहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम शुक्रबार भएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सांसद सृजना सैंजुले पुँजीवादी व्यवस्थाले एप्सटिन फाइलमा नाम जोडिएकाहरूलाई संसारको रोल मोडेलको रूपमा प्रस्तुत गरिरहेको तर विद्यार्थीहरूले आफ्नो जीवनको रोल मोडेल समाजवादी क्रान्तिलाई अगाडि बढाउन योगदान दिने कार्ल मार्क्स, लेनिन, माओ त्सेतुङ र चे ग्वेभाराजस्ता महान् व्यक्तित्वलाई बनाउनुपर्ने सुझाव दिनुभयो ।

नेपालको छिमेकी देश चीन सन् १९४९ भन्दा अगाडि पश्चिमा देशहरू र जापानी साम्राज्यवादबाट दबाइएको देश थियो तर मार्क्सवादलाई आत्मसात गर्दै चिनियाँ जनक्रान्तिपश्चात् ७० वर्षमै आर्थिक, भौतिक सबै क्षेत्रमा चीन पहिलो भइसकेको छ, उहाँले प्रस्ट पार्नुभयो ।

साम्राज्यवादी देशहरूले जस्तै चीनले कहिले पनि अर्को देशमा हमला र हस्तक्षेप गरेन; संसारलाई सुन्दर बनाउन सबै देशहरूसँग हातेमालो गर्दै आइरहेको छ, उहाँले भन्नुभयो ।

प्राध्यापक समाज नेपालका प्रकाशकुमार श्रेष्ठले भक्तपुरको इतिहासबारे जानकारी दिँदै ख्वप माविलगायत अन्य थुप्रै विद्यालयहरू नेपाल मजदुर किसान पार्टीका अग्रजहरूको अगुवाइमा सुरू भएको बताउनुभयो ।

आफूले इच्छा गरेको विषय छानी विशेषज्ञता हासिल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले एआई र पढाइ, एसईईको बेला विद्यालयले १२ देखि १३ घण्टासम्म पढाउने, स्क्रिनको लत र यसबाट छुटकारा, कक्षा ५ सम्म परीक्षा नलिने सरकारको नीतिजस्ता विषयमा समूहगत छलफल गरी निचोड प्रस्तुत गरेको थियो ।

कार्यक्रममा सृजन धन्छा, सगुन धन्छा र सुजी ह्यङगोजूले पनि बोल्नुभएको थियो ।

***'सम्पादकीय'...***
आत्मनिर्भर बन्दैन, कृषि क्षेत्र बलियो बनाई नेपाली जनतालाई आत्मनिर्भर बनाउन आवश्यक छ ।"

समितिका उपाध्यक्ष रत्ना चवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा सुशिला कर्माचार्य, सुनिता गाईसी, रीतामैया सुवाल, मन्जु लाखाले पुस्तकमा प्रकाशित लेखहरूबारे बोल्नुभएको थियो ।

**महेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर-७, इनाचो (वाँचुत्व), फोन नं.: ६६१५९२१

**कर्मचारी आवश्यकतासम्बन्धी सूचना**

यस संस्थाको बजार प्रतिनिधि पदका लागि कर्मचारी आवश्यक भएकोले इच्छुक एवं योग्य महानुभावहरूबाट निवेदन आह्वान गरिन्छ ।

| | |
|---|---|
| **पद** | : बजार प्रतिनिधि |
| **आवश्यक सङ्ख्या** | : १ |
| **न्यूनतम शैक्षिक योग्यता** | : SLC / SEE |
| **तलब** | : संस्थाको नियमानुसार |
| **निवेदन दिने अन्तिम मिति** | : २०८३ जेठ १५ गतेसम्म |

**निवेदनमा समावेश गर्नुपर्ने**
१) हालसालै खिचेको फोटो १ प्रति
२) नागरिकताको प्रतिलिपि १ प्रति
३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति
४) हस्तलिखित निवेदन

**पुनश्च :** लिखित परीक्षा र अन्तर्वार्ताको मिति, समय र स्थानको जानकारी पछि गराइनेछ ।


गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक समवेदना**



**जन्म : १९९१।०२।१०**
**निधन : २०८३।०१।२७**

यस समूहका सदस्य अमिन गोराका पूजनीय हजुरआमा हाल भनपा ३ कोलाछेँ बस्ने **न्हुछेमाया गोरा**को दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**११ गते बचत समूह**
भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा